# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ७१ | काठमाडौं | बिहीबार, १९ असार २०८२ | Prabhab National Daily | Thursday, July 03, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# टेरामक्स प्रकरणले कांग्रेसमा गगन–मोहन 'वार'



संसद्मा बोल्दा गगनजीले टेरामक्सलाई बढी उछालेर मलाई फसाउन खोजे । गगनजी, तपाईं सबै नेतालाई समाउन लगाउनुस्, अनि नेता बन्नुहुन्छ ।

■ **मोहनबहादुर बस्नेत**
केन्द्रीय सदस्य, नेपाली कांग्रेस



म तरूण दलको अनशनरत साथीहरूको माग सम्बोधन गर्न वार्तामा थिएँ । तर बैठकभित्रै एक केन्द्रीय सदस्यले हुंकार मिश्रित धम्की दिनुभयो रे । त्यो नैतिक पतन हो ।

■ **गगन थापा**
महामन्त्री, नेपाली कांग्रेस

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** आफ्नै महामन्त्री गगन थापाविरुद्ध आक्रामक अभिव्यक्ति दिने मोहन बस्नेत बुधबारको केन्द्रीय समितिमा पनि उनीविरुद्ध खनिएका छन् । टेरामक्स प्रकरणमा २५ लाख रूपैयाँ धरौटी राखेर छुटेको चौथो दिनमा बस्नेत महामन्त्री थापामाथि खनिएका हुन् ।

कांग्रेस सभापति शेरबहादुर देउवाको अध्यक्षतामा जारी केन्द्रीय समितिमा बस्नेतले आफूलाई थापाले खेदो खनेको आरोप लगाएका हुन् । 'संसद्मा बोल्दा गगनजीले टेरामक्सलाई बढी उछालेर मलाई फसाउन खोजे,' बस्नेतले भने । यसैगरी सबै नेतालाई समाउन सके थापा निर्विरोध नेता बन्नेसमेत बस्नेतको भनाइ थियो ।

'गगनजी, तपाईं सबै नेतालाई समाउन लगाउनुस्, अनि नेता बन्नुहुन्छ,' बस्नेतले भने । बैठक चलिरहँदा गगन भने तरुण दलको असन्तुष्ट पक्षसँग वार्ता गर्न पुगेका थिए । बस्नेत बेलाबेला गगनविरुद्ध आक्रोश पोख्ने नेतामा पर्छन् । यसरी नै सबैलाई पक्राउ गर्दै जाने हो भने एक दिन गगनको पनि पालो आउने उनको दाबी थियो ।

टेरामक्स प्रविधि खरिद प्रकरणमा अनियमितता भएको अभियोगमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले बस्नेतसहित १६ जनाविरुद्ध तीन अर्ब २१ करोड ८३ लाख ७७ हजार रूपैयाँ बिगो कायम गरी जेठ १ गते भ्रष्टाचार मुद्दा दायर गरेको थियो । उक्त मुद्दामा विशेष अदालतले बस्नेतसँग पुर्पक्षका लागि २५ लाख रूपैयाँ धरौटी मागेर असार १५ गते छाडेको हो ।

आफू बैठकमा नभएको मौका छोपी बस्नेतले लगाएको आरोप गम्भीर भन्दै महामन्त्री थापाले खारेज गरेका छन् । 'गम्भीर, अराजनीतिक, अशिष्ट र अमर्यादित' आरोप भन्दै त्यसलाई थापाले फोहोरको संज्ञा दिए । थापाले केन्द्रीय समिति बैठकमा बस्नेतले आफूमाथि लगाएको आरोपलाई खारेज गर्दै भनेका छन्- फोहोर चलाएर म फोहोरी बन्न चाहन्न ।

बस्नेतलाई फोहोरको संज्ञा दिँदै थापाले आफूले यस्तो फोहोर नचलाउनेसमेत बताए । 'राजनीतिको तह र सभ्यताको सीमा नाघ्ने' भन्दै जवाफ फर्काएका हुन् । उनले कुनै आरोपको प्रतिवाद गर्नुको सट्टा त्यसलाई खारेज गर्ने शैली अपनाउँदै भनेका छन्, 'बाले भन्नुहुन्थ्यो, कसैले आरोप लगाए दिइहाल्नुपर्छ जवाफ । आमाले भन्नुहुन्थ्यो, फोहोर नचलाउनू- फोहोर चलाए आफैं फोहोरी भइन्छ । आज म आमाको कुरा सुन्छु ।'

थापाले सभापति देउवालाई प्रत्यक्ष सम्बोधन गर्दै, आफ्नो अनुपस्थितिमा केन्द्रीय समितिको बैठकमा धम्कीपूर्ण भाषा र अभद्र व्यवहार देखाउने प्रवृत्तिको आलोचना गरे । उनले भने, 'म तरुण दलको अनशनरत साथीहरूको माग सम्बोधन गर्न वार्तामा थिएँ । तर बैठकभित्रै एक केन्द्रीय सदस्यले हुंकार मिश्रित धम्की दिनुभयो रे । त्यो नैतिक पतन हो ।'

### तरुण दलको अधिवेशन मंसिरमा

नेपाल तरूण दलको महाधिवेशन आगामी मंसिर २६-२८ गते हुने भएको छ । निर्देशन समितिको प्रस्तावअनुरूप उक्त मितिमा अनिवार्य सम्पन्न गर्नेगरी त्यही मितिसम्मका लागि तरुण दलको केन्द्रीय समितिको पदावधि थप गर्ने निर्णय गरिएको कांग्रेसले जनाएको छ ।

साथै तयारी र व्यवस्थापन सहजीकरणका लागि तरूण दलको मौजुदा कार्यसमिति भित्रैबाट सानो व्यवस्थापन समिति बनाइने कांग्रेस मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए । महाधिवेशन सम्पन्न गर्न निर्देशन समितिलाई पार्टीकोतर्फबाट सम्पूर्ण जिम्मेवारी प्रदान गरिएको छ ।

क्रमश: पृष्ठ २ मा

# ५२ संवैधानिक पदाधिकारीको नियुक्ति सर्वोच्चबाट सदर

## संवैधानिक इजलासको बहुमतबाट नियुक्तविरुद्धको रिट खारेज गर्ने निर्णय

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सर्वोच्च अदालतको संवैधानिक इजलासले संवैधानिक आयोगका ५२ जना पदाधिकारी नियुक्तिविरुद्धको रिट खारेज गर्ने फैसला गरेको छ । साढे चार वर्षदेखि विचाराधीन रहेको उक्त रिटमा संवैधानिक इजलासले बुधबार मध्यराति बहुमतबाट उक्त निर्णय गरेको हो ।

प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको अघिल्लो सरकारले अध्यादेशमार्फत २०७७ माघ २१ र २०७८ असार १० गते गरेको ५२ संवैधानिक पदाधिकारीको नियुक्तिविरुद्ध सर्वोच्चमा रिट परेको थियो । प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत नेतृत्वको संवैधानिक इजलासमा न्यायाधीशहरूबीच राय बाझिएपछि बहुमतबाट उक्त नियुक्ति सदर गर्ने निर्णय गरिएको हो ।

पाँच जनाको संवैधानिक इजलासमध्ये तीन जनाले नियुक्ति सदरको पक्षमा र दुई जनाले विपक्षमा मत राखेका थिए । न्यायाधीशहरू सपना प्रधान मल्ल, मनोजकुमार शर्मा र कुमार चुँडालले रिट खारेजीको पक्षमा मत राखेका हुन् । प्रधानन्यायाधीश राउत र न्यायाधीश नहकुल सुवेदी नियुक्ति बदर गर्नुपर्ने पक्षमा उभिएका थिए ।

यो फैसलासँगै संवैधानिक आयोगमा नियुक्त भई काम गरिरहेका पदाधिकारीहरूले पूरा कार्यकाल काम गर्न पाउने भएका छन् । संवैधानिक आयोगमा पदाधिकारी नियुक्तिविरुद्धको रिटमाथि गत जेठ १ गते सुनुवाइ सकेर जेठ २८ गते फैसलाको मिति तोकिएको थियो । तर इजलासले उक्त दिन निर्णय गर्न नसकेपछि असार १८ गतेका लागि निर्णय सुनाउने मिति सारिएको थियो । बुधबार दिनभर झण्डै १४ घण्टा छलफल गरेर मध्यरातमा इजलासले उक्त निर्णय सुनाएको हो ।



प्रकाशमानसिंह राउत | सपना प्रधान मल्ल | मनोजकुमार शर्मा | कुमार चुँडा | नहकुल सुवेदी

- न्यायाधीशहरु सपना प्रधान मल्ल, मनोजकुमार शर्मा र कुमार चुँडालको मत रिट खारेजीको पक्षमा
- प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत र न्यायाधीश नहकुल सुवेदी नियुक्ति बदर गर्नुपर्ने पक्षमा
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईसहित विभिन्न संवैधानिक आयोगमा नियुक्त पदाधिकारीहरूले अब पूर्ण कार्यकाल काम गर्न पाउने

विवादित ५२ पदाधिकारीमध्ये अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईसहित ३२ जना ०७७ माघमा र लोकसेवा आयोगका अध्यक्ष माधव रेग्मीसहित २० जना २०७८ असारमा नियुक्त भएका थिए । अध्यादेशमार्फत २०७७ माघ २१ मा अख्तियार दुरूपयोग अनुसन्धान अयोगका प्रमुख आयुक्त राई तथा आयुक्तहरू किशोरकुमार सिलवाल र जयबहादुर चन्द नियुक्त भएका थिए ।

त्यसैगरी निर्वाचन आयोगमा रामप्रसाद भण्डारी र जानकीकुमारी तुलाधर निर्वाचन आयुक्तमा नियुक्त भएका थिए । यता राष्ट्रिय मानवअधिकार आयोगमा अध्यक्ष तपबहादुर मगर, सदस्यहरू डा. सूर्यकुमार शर्मा ढुंगेल, मिहिर ठाकुर, मनोज दुवाडी र लिलिहजुर बस्न्यात नियुक्त भएका थिए । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सदस्यहरूमा जुद्धबहादुर गुरुङ र अमरराज मिश्र नियुक्त भएका थिए । यता राष्ट्रिय महिला आयोगमा अध्यक्ष कमलाकुमारी पराजुली, सदस्यहरू कृष्णकुमारी पौडेल र विद्याकुमारी सिन्हा नियुक्त भएका थिए ।

राष्ट्रिय दलित आयोगको अध्यक्षमा देवराज विश्वकर्मा, सदस्यहरूमा मिनादेवी सोब, टुञ्जे कामी र मेहले पार्की नियुक्त भएका थिए । राष्ट्रिय समावेशी आयोगको सदस्यमा रामचन्द्र जोशी र हरिदत्त जोशी अध्यादेशमार्फत नियुक्त भएका थिए । आदिवासी जनजाति आयोगको अध्यक्षमा रामबहादुर थापामगर र सदस्यहरू मीनबहादुर श्रीस, रिना राना र शरण राई नियुक्त भएका थिए । यस्तै मधेसी आयोगका सदस्यहरूमा जीवछ साह, रेनुदेवी साह र विजयकुमार गुप्ता, थारु आयोगका सदस्यहरूमा सुबोध सिंह थारु र भोलाराम चौधरी, मुस्लिम आयोगका सदस्यहरू महमदिन अलि र मिर्जा अर्सद वेग नियुक्त भएका थिए ।

क्रमश: पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

# 'प्रत्येक दुई वर्षमा श्रमिकको ज्याला निर्धारण गर्ने तयारी'





■ **प्रभाव संवाददाता**

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले प्रत्येक दुई वर्षमा नेपाली श्रमिकको ज्यालादर निर्धारण गर्ने व्यवस्था गर्न मन्त्रालयले काम गरिरहेको बताएका छन् । बुधबार राष्ट्रिय सभामा विनियोजन विधेयक, २०८२ माथिको छलफलका क्रममा मन्त्री भण्डारीले श्रमिकलाई आफ्नो आम्दानीले सामान्य जीवनयापन गर्नसमेत कठिन भएको भन्दै यस विषयमा मन्त्रालयले काम गरिरहेको बताए ।

समान कामको समान ज्यालामा मन्त्रालयले सम्झौता नगर्ने भन्दै भर्खरै संयुक्त अरब इमिरेट्स (युएई)को न्यूनतम ज्याला बढाएको विषय पनि उनले जानकारी गराएका थिए । मन्त्री भण्डारीले जापान, युरोप तथा विभिन्न आकर्षक गन्तव्यहरूमा कन्सल्टेन्सीलगायत स्वार्थप्रेरित समूहहरू सक्रिय भएकाले यस्ता अनौपचारिक र ठगीमा संलग्नलाई कारबाही गर्न कार्ययोजना अघि बढाएको बताए । उनले १३ वटा नयाँ युरोपियन गन्तव्यहरूसँग श्रम समझदारी गर्न सरकारले प्रस्ताव गरेकोसमेत जानकारी गराए ।

मन्त्री भण्डारीले राष्ट्रिय सभाबाट आन्तरिक रोजगारी सिर्जना गर्न तथा रोजगारीलाई थप प्रभावकारी तवरले व्यवस्थापन गर्न दिएको सुझाव कार्यान्वयन गर्न मन्त्रालय कटिबद्ध रहेको बताए । रोजगारी सिर्जनालाई थप प्रभावकारी रूपले कार्यान्वयन गर्न मन्त्रालयमा आन्तरिक रोजगार व्यवस्थापन महाशाखा निर्माण गरिएको उनले बताए । 'वैदेशिक रोजगार मन्त्रालयजस्तो देखिने यो मन्त्रालयले अब प्रभावकारी तवरले आन्तरिक रोजगारीका क्षेत्रलाई संयोजन गर्ने र रोजगारी सिर्जनाका लागि आवश्यक नीतिगत र कार्ययोजना निर्माण गर्न हामी अघि बढिसकेका छौं,' उनले भने ।

प्राकृतिक स्रोतको प्रचुर उपलब्धता र मुलुकको आर्थिक विकासमा उच्च योगदान गर्न सक्ने सुदूरपश्चिम क्रमश: पृष्ठ २ मा

## इजरायलमा श्रमिक पठाउने प्रक्रिया पुन: सुरू

**काठमाडौं (प्रस)–** इजरायल-इरान युद्धका कारण लगाइएको यात्रा प्रतिबन्ध फुकुवा भएसँगै इजरायलमा श्रमिक पठाउने प्रक्रिया पुन: सुरू गरिएको छ । मंगलबार परराष्ट्र मन्त्रालयले इजरायलमा पूर्ववत्‌रूपमा यात्रा गर्न सकिने सूचना जारी गरेसँगै दीर्घकालीन स्याहार केन्द्र (केयरगिभर)का लागि ६६ जनाको करार सम्झौता प्राप्त भएको वैदेशिक रोजगार विभागले जानकारी दिएको छ । विभागले बुधवार सूचना जारी गर्दै ६६ जना उम्मेदवारको करार सम्झौता प्राप्त भएको जनाएको हो ।

विभागमा ४२ जना महिला २४ जना पुरुषको सम्झौता प्राप्त भएको छ । उक्त पत्रमा उम्मेदवारहरूले गरेको सम्झौता इजरायलको जनसंख्या र अध्यागमन प्राधिकरण (पिवा) र इजरायली दूतावासको कन्सुलर डिभिजनमा भिसाका लागि पठाइने विभागले जनाइएको छ । विभागले उम्मेदवारहरूलाई दुई समूहमा विभाजन गरी आवश्यक कागजातसहित विभागमा उपस्थित हुन भनेको छ । गत जेठ ३० गतेबाट इजरायल-इरान युद्ध सुरु हुँदा नेपालको परराष्ट्र मन्त्रालयले अत्यावश्यक कामबाहेकको अवस्थामा यी मुलुकमा जान रोक लगाएको थियो । त्यसयता केयर गिभरका लागि इजरायल जाने प्रक्रिया स्थगित भएको थियो । भिसा लागेर टिकेट तय भएका ३५ जना सहायक कामदार पनि यात्रा प्रतिबन्धका कारण रोकिएका थिए । १२ दिनसम्म चलेको युद्ध रोकिएपछि परराष्ट्रले मंगलबार प्रतिबन्ध फुकुवा गरेको हो ।

इजरायलका लागि २०८१ सालको असारमा खुलेको आवेदनबाट पहिलो चरणमा छानिएका ९१९ जनामध्ये हालसम्म ५४३ जना गइसकेका विभागले जनाएको छ । ३५ जनाको भिसा लागिसकेको छ भने ६६ जनाको करार सम्झौता बुधबार प्राप्त भएको हो ।

**निजामती विधेयकमा अनधिकृत हेरफेर प्रकरण**

# सत्तापक्षकै सांसदहरूबाट सभापति खतिवडामाथि राजीनामाको दबाब

- राज्य व्यवस्था समितिमा सभापति रामहरि खतिवडाको कांग्रेस र एमालेकै सांसदहरूद्वारा राजीनामा माग
- संसदीय समिति गठन गरेर छानबिन गर्नुपर्ने र दोषीलाई कारबाही गर्नुपर्नेमा जोड
- आफ्नो निष्ठा र प्रतिष्ठामा आँच पुऱ्याएको भन्दै खतिवडा असन्तुष्ट



■ **जेबी योञ्जन**

**काठमाडौं–** संसद्को राज्य व्यवस्था तथा सुशासन समितिले पारित गरेको संघीय निजामती सेवा विधेयकमा अनधिकृत हेरफेरपछि राजीनामाको दबाबमा परेका समिति सभापति रामहरि खतिवडाले आफ्नो संलग्नता अस्वीकार गरेका छन् । उनले आफ्नो निष्ठा र प्रतिष्ठामा आँच आउनेगरी गलत प्रचार भएको बताए ।

विधेयकमा भएको अनधिकृत हेरफेरमा आफ्नो संलग्नता अस्वीकार गरे पनि उनको दल नेपाली कांग्रेस र नेकपा एमालेकै सांसदहरू उनको संलग्नता नरहेकोबारे विश्वस्त छैनन् । ती दलका सांसदहरूले अनधिकृतरूपमा शब्द हेरफेर गरिएकोमा समिति सभापति खतिवडालाई जिम्मेवार मानेका छन् । उनीमाथि कारबाही हुनुपर्नेसम्मको माग उठेको छ ।

'सभापतिजी ठट्टाको विषय होइन, जानीजानी गल्ती भएको छ । सभापतिको कोर टिमले के गरेको हो ? क्लियर भएको छ ।

क्रमश: पृष्ठ २ मा

### सच्याउन राष्ट्रिय सभालाई आग्रह

प्रतिनिधिसभाअन्तर्गतको राज्य, व्यवस्था तथा सुशासन समिति बैठकले संघीय निजामती विधेयकमा 'कुलिङ पिरियड'बारेको प्रावधानमा भएको अनधिकृत हेरफेर सच्याउनका लागि राष्ट्रिय सभालाई आग्रह गर्ने निर्णय गरेको छ ।

समिति सभापति रामहरि खतिवडाले समितिको बुधबार बसेको बैठकले त्यस्तो निर्णय गरेको बताए । 'दफा ४ लाई निष्क्रिय गराउनेगरी सोही विधेयकको उपदफा ४ पछि उपदफा क्रम मिलाउँदा कायम हुने उपदफा ५ राख्नु नपर्ने विधेयकको व्यवस्थालाई यथावत् राखेको कारणले यो विधेयक समितिको प्रतिवेदनको उपदफा ४ ले गरेको व्यवस्था र भावनालाई कुठराघात हुनेगरी उपदफा

क्रमश: पृष्ठ २ माथपी

## पृष्ठ १ बाट क्रमशः

## ५२ संवैधानिक...

यसैगरी २०७८ असार १० गते अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा आयुक्तहरू हरि पौडेल र सुमित्रा श्रेष्ठ नियुक्त भएका थिए । लोकसेवा आयोगको अध्यक्षमा माधव रेग्मी, सदस्यहरू माधव बेल्वासे, वीरबहादुर राई, दिनेश सिलवाल र मञ्जु कुमारी नियुक्त भएका थिए ।

निर्वाचन आयोगको निर्वाचन आयुक्त सगुन शमशेर जबरा, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सदस्य वीपिनराज निरौला नियुक्त भएका थिए । राष्ट्रिय महिला आयोगको सदस्यमा जया घिमिरे र सावित्रा कुमारी शर्मा, राष्ट्रिय दलित आयोगको सदस्य सुन्दर पुर्कुटी नियुक्त भएका थिए ।

सोही मितिमा राष्ट्रिय समावेशी आयोगको अध्यक्षमा रामकृष्ण तिमेल्सेना, सदस्यहरूमा पुष्पराज तिमिल्सिना र मानबहादुर खत्री नियुक्त भएका थिए । आदिवासी जनजाति आयोगको सदस्यमा सूर्यबहादुर गुरुङ, मधेसी आयोगको सदस्यमा आभा कुमारी, थारु आयोगका सदस्यहरूमा उमाशंकर प्रसाद चौधरी र शान्ती मोदी र मुस्लिम अयोगको सदस्य मोहम्मद समशुल हक नियुक्त भएका थिए

■■■

## सत्तापक्षकै...

सभापतिले नपढेर हस्ताक्षर गर्नुभयो भन्ने पत्याउन सकिन्न,' समिति बैठकमा कांग्रेस सांसद हृदयराम थानीले भने, 'संसद्बाट उच्चस्तरीय छानबिन समिति नबन्दासम्म अरू विषयमा छलफल गर्न समिति बैठक बस्न सक्दैन । नैतिकता के हो ? यति गल्ती भएपछि के गर्ने ? भन्ने सभापतिले बुझ्नुपर्ने हो ।'

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का सांसद बुद्धिमान तामाङले विधेयकमा भएको जालझेलमा समितिका सभापति खतिवडाको पनि हस्ताक्षर देखेपछि आफू छक्क परेको बताएका छन् । उनले यो विषयमा संसदीय समितिबाट छानबिन हुनुपर्ने बताए । 'हामीलाई सधैं कुलिङ पिरियड पास गर्नुपर्छ भन्दै आएको व्यक्ति (सभापति खतिवडा)को हस्ताक्षर देखेपछि म छक्क परेँ । उहाँको नियत गलत होइन होला, झुक्किनु पो भयो कि ? जे भयो, छानबिनबाट बाहिर आओस् । छानबिनका लागि संसदीय समिति गठन होस्,' सांसद तामाङले भने ।

नेकपा माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेले पनि संसदीय छानबिन समिति गठन गरी दोषीहरूमाथि कारबाही हुनुपर्ने बताए । 'यसमा को-को सहभागी भएका छन् ? यसको छानबिन हुनुपर्छ र सहभागीहरूलाई कारबाहीको दायरामा ल्याइनुपर्छ,' पाण्डेको भनाइ छ । उनले विधेयकमा षड्यन्त्र भएको र अन्तिममा पढ्नसमेत नदिइएको दाबी गरे ।

तर, पाण्डे समिति बैठकमा सत्तारुढ कांग्रेस र एमालेका सांसदहरूभन्दा नरम भएर प्रस्तुत भए । कांग्रेस र एमालेका सांसदहरू भने छानबिन समिति गठनसँगै राजीनामा दिनुपर्ने पक्षमा उभिए । एमाले सांसद पदम गिरीले सभापति खतिवडा र सचिव सुरजकुमार दुराले समितिले सर्वसम्मत पारित गरेको विधेयकमा अक्षम्य त्रुटि गरेको दाबी गर्दै नैतिकताका आधारमा दुवै पदमा बस्न नमिल्ने उल्लेख गरे । उनले राजीनामा दिएर छानबिनमा सघाउनुपर्नेमा जोड दिए । 'समितिले सर्वसम्मत पारित गरेको विधेयकमा सभापति र सचिवले अक्षम्य त्रुटि गर्नुभयो । नैतिकताका आधारमा उहाँहरू पदमा बस्न मिल्दैन,' उनले भने, 'र, छानबिनमा सघाउनुपर्छ ।'

एमालेकै सांसद बासुदेव घिमिरेले समिति सभापति र सचिवले पनि घटनाको छानबिन नहुँदासम्म पदबाट राजीनामा दिनुपर्ने बताए । अर्का एमाले सांसद राजेन्द्रकुमार राईले पनि घटनाको छानबिन भएर निष्कर्ष ननिस्किएसम्म राज्य व्यवस्था तथा सुशासन समिति सभापतिको कुर्सीमा खतिवडा बस्न नसुहाउने बताए । एमालेकै अर्का सांसद कृष्णगोपाल श्रेष्ठले त समिति सभापतिका रूपमा खतिवडालाई स्वीकार्न नसकिने बताए । समिति सचिव दुराले पनि सचिवको हैसियतमा कुर्सीमा बस्ने अधिकार गुमाएको दाबी गरे ।

'खतिवडाजीलाई समितिको सभापति स्वीकारेर हिँड्न सक्दैनौं । दुराजीले पनि सचिव भएर कुर्सीमा बस्ने नैतिक अधिकार गुमाइसक्नुभयो,' उनले भने । बैठकमा नेकपा एकीकृत समाजवादीका सांसद राजेन्द्र पाण्डे, माओवादी सांसद दुर्गा राई र जसपा नेपलाका सांसद प्रकाश अधिकारीले पनि नैतिकताको विषय अरुले भन्ने नभई आफूले अनुभव गर्ने विषय भएको भन्दै सभापति खतिवडामाथि राजीनामाको दबाब बढाए । समिति बैठकमा राजीनामाको दबाब बढेपछि सभापति खतिवडा रक्षात्मक बने । उनले निजामती सेवा विधेयकमा 'कुलिङ पिरियड'बारेको प्रावधानमा भएको अनधिकृत हेरफेरको आक्षेप आफूलाई लगाएर आफ्नो निष्ठा र प्रतिष्ठामा आँच पुऱ्याएको भन्दै गुनासो गरे । 'मेरो संलग्नताविना मेरो निष्ठा र प्रतिष्ठामा आँच पुऱ्याउने काम भएको छ,' खतिवडाले भने ।

समिति बैठकमा सचिव दुराले मन्त्रालयका कर्मचारीले निजामती विधेयकको प्रतिवेदनमा छलफल नभएको भन्ने भनाइ सत्य नभएको बताए । उनले छलफल भएको आफूसँग प्रमाण रहेको पनि बताए । बैठकमा उपसमितिको रिपोर्ट वाचन गर्दै सचिव दुराले मेलबाट छलफलको विषय ओहोरदोहोर भएको बताए । उनीभन्दा पहिले सामान्य प्रशासन मन्त्रालयका सहसचिव मिरा आचार्यले निजामती विधेयकमा कुलिङ पिरियडमा राखिएको व्यवस्थाबारे आफूहरूसँग छलफल नै नभएको जिकिर गरेकी थिइन् ।

उनले भनिन्, 'समितिको सचिवालयले पेस गरेको प्रतिवेदन हामीले फाइनल गरेको होइन । उपसमितिको प्रतिवेदनमाथि छलफल हुँदै गर्दा ८२ को ४ मा थप्ने सवालमा बाधा मानिने छैन भन्नेमा हटाउने विषयबारे छलफल भएकै छैन ।' निजामती विधेयक भने यही १५ असारमा प्रतिनिधिसभाबाट पारित भएको थियो । उक्त विधेयक मंगलबार राष्ट्रिय सभामा पेस भएको छ ।

■■■

## सच्याउन...

पारित भएको कारण राज्य व्यवस्था तथा सुशासन समितिले उक्त ०८२ को कुलिङ पिरियडसम्बन्धी व्यवस्थालाई समितिले पास गरेको निर्णयअनुसार प्रतिवेदनको बुँदा ४३ मा आवश्यक संशोधन गर्ने व्यवस्था मिलाउने व्यवस्था गर्न हार्दिक अनुरोध गर्ने निर्णय गरियो,' खतिवडाले पत्रकारहरूसँग भने । राष्ट्रिय सभामा विधेयक पारित भएको भोलिपल्ट समिति सभापति खतिवडाको अध्यक्षतामा बसेको बैठकले यस्तो निर्णय गरेको हो ।

■■■

## टेरामक्स...

त्यसैगरी, तोकिएको समयमै महाधिवेशन गर्नुपर्ने माग गर्दै पार्टी केन्द्रीय कार्यालय सानेपामा सुरू गरिएको ८० घण्टे आमरण अनसन उपसभापति पूर्णबहादुर खड्का र महामन्त्री गगनकुमार थापाबाट आजै तोडिएको छ । कांग्रेस केन्द्रीय कार्यसमितिको बैठक असार १६ देखि जारी छ । सभापति देउवाको सभापतित्वमा भएको बैठकमा बुधबार केन्द्रीय सदस्यहरू श्यामकुमार घिमिरे, मोहनबहादुर बस्नेत, शिवप्रसाद हुमागाईं, कर्णबहादुर बुढा, गोविन्दबहादुर शाह, राजेन्द्रकुमार केसी, मोहन आचार्य, रंगमती शाही, कान्तिका सेजुवाल, विद्यादेवी तिमिल्सिना, आमन्त्रित प्रदेश सभापतिहरू उद्धव थापा (कोशी), कृष्णप्रसाद यादव (मधेस), इन्द्रबहादुर बानियाँ (बागमती), अमरसिंह पुन (लुम्बिनी), ललितजंग शाही (कर्णाली) र वीरबहादुर बलायर (सुदूरपश्चिम) ले आ-आफ्नो धारणा राखेका थिए । विभिन्न प्रस्तावमा धारणा राख्नेक्रम जारी रहेकाले कार्यसमितिको बैठक आज (बिहीबार) दिउँसो १२:३० मा पार्टी केन्द्रीय कार्यालयमा पुनःबस्ने मुख्यसचिव पौडेलले जानकारी दिए ।

■■■

## प्रत्येक दुई...

र कर्णाली प्रदेशबाट मौसमी कामदारको रूपमा भारत जाने पद्धति कायम रहेको उनले उल्लेख गरे । रोजगारीको दीर्घकालीन व्यवस्था नहुने बेलासम्म मुलुकको सबै गाउँपालिकामा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमले अल्पकालीन रोजगारी सिर्जनाको व्यवस्था मिलाएको उनले जानकारी गराए ।

मन्त्रालयले बुधबार राष्ट्रिय श्रमबजार सूचना प्रणाली निर्माणको प्राविधिक प्राप्त गरेको मन्त्री भण्डारीले जानकारी गराए । अब श्रम तथा रोजगारीका तथ्यांक संकलन गर्न सर्वेक्षण गर्नुपर्ने, साधारण तथ्यांक नभएर काम गर्न नसक्नेलगायत पद्धतिमा परिवर्तन गर्न लागिएको उनले बताए ।

मन्त्री भण्डारीले मुलुकको रोजगारीमा विदेशी र विदेशको रोजगारीमा नेपाली जाने परिपाटी परिवर्तन गर्नुपर्ने बताउँदै आगामी आर्थिक वर्षदेखि रोजगारदातालाई दक्ष श्रमिक उपलब्ध गराउन राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानलाई थप प्रभावकारी तवरले अघि बढाएको बताए । प्रतिष्ठानलाई रोजगारी सिर्जना नगर्ने निस्प्रभावी संस्थाको सट्टामा श्रमबजारको मागअनुरूपको तालिम प्रदान गर्ने निकायका रूपमा विकास गरिने उनको भनाइ थियो ।

मन्त्री भण्डारीले नेपाल र गन्तव्य मुलुकको प्रविधि फरक हुँदा यहाँको तालिम विदेशमा प्रयोग नहुने अवस्थालाई मध्यनजर गर्दै गन्तव्य मुलुकको पाठ्यक्रम प्रयोग गर्ने र दुवै मुलुकबाट सीप प्रमाणीकरण हुनेगरी दोहोरो प्रमाणीकरणको कार्यसमेत अघि बढाएको बताए । वैदेशिक रोजगार बोर्डलाई थप सशक्त र प्रभावकारी बनाउन सुधारको प्रतिवेदन प्राप्त भइसकेको उनले बताए । उनका अनुसार केही गन्तव्य मुलुकले नेपाली श्रमिकलाई अप्ठ्यारो पार्ने गरी नयाँ कानुन ल्याएकाले यस विषयमा अध्ययन भइरहेको छ । श्रमिकको न्यूनतम मानवअधिकार सुनिश्चित नगर्ने मुलुकमा नेपाली जानु हुँदैन भन्ने सरकारको अडान रहेको उनले स्पष्ट पारे ।

वैदेशिक रोजगारीका नाममा भएको व्यक्तिगत ठगीका घटना नियन्त्रणका लागि मन्त्रालयले काम गरिरहेको उनले बताएका छन् । 'करिब ३६ हजार व्यक्तिगत ठगी नियन्त्रण गर्न सम्बन्धित जिल्ला प्रहरीमा जाहेरी दिने र सम्बन्धित जिल्ला अदालतमा नै मुद्दा जाने गरी कानुनमा परिमार्जन गर्न लागेका छौं,' उनले भने, 'गरिब र सोझा नेपालीलाई गाउँदेखि प्रभाव पारी ठगी गर्ने कार्यलाई सरकार निर्ममतापूर्वक कारबाही गर्ने कार्यमा माननीय सदस्यज्यूहरूको साथ र सहयोग हुनेमा हामी विश्वस्त छौं ।'

भर्खरैमात्रै परराष्ट्र मन्त्रालय र श्रम मन्त्रालयले श्रम संसार पोर्टललाई वैदेशिक रोजगारमा रहेका नेपालीहरूको पूर्णविवरण लिनेलगायत अप्ठ्यारोमा रहेको अवस्थामा उद्धार गर्नसमेत सहज हुनेगरी विस्तार गरिएको भण्डारीको भनाइ थियो । मन्त्रालयले विभिन्न प्रणालीको विकास गर्दै त्यसमा नेपालबाट वैदेशिक रोजगारीमा जानुअघिदेखि नेपाल फर्केपछिका सेवा, कन्सुलर सेवालगायतलाई आबद्ध गरिरहेको मन्त्री भण्डारीले बताए । विदेशमा रहेका नेपालीले दूतावाससँग सम्पर्क गर्न नसके नेपालको कल सेण्टरमा फर्वार्ड हुने र सेन्टरले टिकट जेनेरेट गरी पुनः दूतावासमै पठाउने व्यवस्था गरेको उनले बताए ।

मन्त्री भण्डारीले वैदेशिक रोजगारमा देखापरेका ठगी, बिचौलिया र सिण्डिकेटहरू तोड्न प्रयास गरिरहेको बताए । त्यस्तै उनले कोरिया, जापानलगायत मुलुकमा अर्धदक्ष र दक्ष कामदार पठाउनेगरी निर्णय भएको र युरोपमा संस्थागत तवरले श्रमिक पठाउने व्यवस्था मिलाइएको विषय पनि जानकारी गराएका थिए । भर्खरै सम्पन्न जिसिसी डायलगमा श्रमिक पठाउने सबै एसियाली मुलुकले खाडी सहयोगी देशका प्रतिनिधिसँग न्यूनतम मापदण्डको विषयमा आफ्नो अडान राखेको जानकारी पनि भण्डारीले गराएका थिए ।


### युएइमा रोजगार
कम्पनी : CONSENT LLC — शहरः UAE,19 street

पूर्व स्वीकृति मिति : २०८१/१०/२९ — पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/१८ — LT. No. 318666 — चलानी नं. ६०२३२८४१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BRICK MASONS | 8 | 0 | 1200 | ४४,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 1 | 0 | 1200 | ४४,६९० | | | | | | | |
| 3 | Concrete Machine Operator | 2 | 0 | 1300 | ४८,४१५ | | | | | | | |
| 4 | electrician general | 3 | 0 | 1300 | ४३,५३० | | | | | | | |
| 5 | Fork Lift Operator | 2 | 0 | 1500 | ५५,८६३ | | | | | | | |
| 6 | WELDER | 3 | 0 | 1200 | ४४,६९० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार २६ गते (10th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1728/081/82 — RELIABLE MANPOWER RECRUITMENT PVT LTD
Sinamangal-9, Kathmandu, Nepal, (50 Meter opposite to Hope Hospital) T: 01-5922931/ 5922932/ 5922934
Email:- reception@reliablemanpowernepal.com, Web: www.reliablemanpowernepal.com



### युएइमा रोजगार
कम्पनी : OKOOL MANPOWER RECRUITMENT SERVICE-SOLE PROPERIETORSHIP L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०३/१७ — LT. No. 326551 — चलानी नं. ६०२४०५०६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 30 | 0 | 2000 | ७४,४८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार २६ गते (10th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No- 1734/081/082 — MARHABA INTERNATIONAL OVERSEAS PVT.LTD.
Kathmandu-32, Koteshwor, Nepal, T: 01-5924220, M: 9818771498, 9817684107, 9841169258
E:- marhabaoverseas@gmail.com, Web: marhabaoverseas.com



### जापानमा रोजगार
कम्पनी : KUROSHIO BUSINESS COOPERATIVE ASSOCIATION

पूर्व स्वीकृति मिति : २०८२/०२/२९ — पूनः विज्ञापन स्वीकृति मिति : २०८२/०३/१८ — LT. No. 325453 — चलानी नं. ६०२३९३७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | सेवा शुल्क | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packaging Labour | 3 | 0 | 164432 | १५६,५०९ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | नि:शुल्क | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निम्ति सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरूः
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्की आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिबद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः ५०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

नोटः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार २६ गते (10th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | ५०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

Google Overseas Pvt.Ltd
KTM-4, Dhumbarahi, Nepal, Phone No.+977-01-4565296,
E-mail : info@googleoverseas.com Website : www.googleoverseas.com
श्रम ईजाजत नं. ६३१/०६३/०६४



### नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालय

**हक दावी गर्न आउने बारेको ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०७९/०४/२२ मा दर्ता भएको **श्री सुन्दर सपना निर्माण सेवा (दर्ता नं. २९५६७१)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित **हक दावी**को लागि **३५ दिन** भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



**काठ शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८२/०३/१९

यस श्री नमुना सा.व.उ.स माई नं.पा. २२४ इलामको वनबाट उत्पादन भई समूहको घाटगद्धिमा लट बनाइ राखिएका काठहरू डि.व.का इलामको च.नं.१३५४७ मिति २०८२/०३/०८ गतेको लिलाम सहमति अनुसार साल गोलिया थान २३१ २१८५.४५ क्यू फिट र अन्य जातको गोलिया थान ३३ को ३९८.९० क्यू फिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन पैदावार सम्बन्धी काम गर्न इच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनिले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्रमा शिलबन्दि बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि बिस्तृत जानकारीको लागि यस सा.व.उ.स को कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स को कार्यालय तथा जिल्ला स्थित विभिन्न कार्यालयहरूको सूचना पाटीमा टांस गरिएको छ ।

- श्री नमुना सा.व.उ.स माई न.पा. २ र ४, इलाम



**कम्पनीको नाम परिर्वतन गरिएको सूचना**

तेस्रो पटक प्रकाशित मितिः २०८२/०३/१९

यस कम्पनीको मिति २०८२/०१/०५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **स्काई स्टार टेक्निकल ट्रेनिङ्ग सेन्टर** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **आर.आर. स्टार टेक्निकल ट्रेनिङ्ग सेन्टर** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०१/१४ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **आर.आर. स्टार टेक्निकल ट्रेनिङ्ग सेन्टर** (प्रा.लि.नं.३५७४४०) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।



**कम्पनीको नाम परिर्वतन गरिएको सूचना**

दोस्रो पटक प्रकाशित मितिः २०८२/०३/१९

यस कम्पनीको मिति २०७८/०६/०५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **समसरमा बेलनेस स्पा रिसोर्ट प्रा.लि.**/Samsarma Wellness Spa Resort Pvt.Ltd. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **समसारा वेलनेस स्पा रिसोर्ट प्रा.लि.**/Samsara Wellness Spa Resort Pvt.Ltd. (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७८/०६/११ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **समसारा वेलनेस स्पा रिसोर्ट प्रा.लि.**/Samsara Wellness Spa Resort Pvt.Ltd. (**प्रा.लि.नं.**१७९२८९) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।



**श्री डिभिजन वन कार्यालय, काभ्रेपलाञ्चोक, धुलिखेलको काठ दाउराको शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

पहिलो पटक सूचना प्रकाशन मिति २०८२।०३।१९ गते

प्रस्तुत विषयमा यस कार्यालय अन्तरगत विभिन्न घाटगद्धीमा रहेका साँगास्वति देउपोखरी लौरे सा.व.उ.स. चौरीदेउराली– १, काभ्रेको पाटेसल्ला, गोब्रेसल्ला प्रजातीका जम्मा गोलिया थान १६७३ को परिमाण ५९२७.१७ क्यूफिट काठ र दाउरा ३ चट्टा (पहिलो पटक २१ दिने सूचना), घाटगद्धी स्थानः–नैनेकोडाँडा, बारमाने डाँडासमेत स्थान । बासुकी सा.वन वनेपा–१०, काभ्रेका खोटेसल्ला १४४५ थानको ४१७८.३३ क्यूफि, घाटगद्धी स्थानः– बासुकी सा.वन वनेपा १०, (चौथो पटक सुचना १५ दिने) । लाँकुरीरूख भुलभुले सा.व.उ.स. भूम्लु–४, को पाटेसल्ला, खोटेसल्ला लगायत प्रजातीका थान ११९० को ५१७४.८१ क्यूफिट, घाटगद्धी स्थानः– लाँकुरीरूख भूलभूले सा.वा भूम्लु ४ काभ्रे (चौथो पटक १५ दिने सूचना) । वन मुद्धामा बरामद भएका साल चिरान थान ३८५ को गोलिया परिमाण ६२९.६० क्यूफिट, घाटगद्धी स्थानः– महाभारत गा.पा. वडा नं. ४, काउले भन्ज्याङ (तेश्रो पटक १५ दिने सूचना) घाटगद्धी गरी राखेको काठ दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । सम्बन्धित निकायमा सुचिकृत काठ दाउराको कारोबार गर्ने सुचिकृत इच्छुक संघ संस्था, फर्म वा कम्पनिले सूचना प्रकाशित भएको मितिले तोकिएको समयाबधि भित्र यस कार्यालय । सम्बन्धित सा.वउ.स.को कार्यालयबाट बोलपत्र प्रत्येक लटको छुट्टा छुट्टै बोलपत्र खरिद गरी बिस्तृत सुचनामा तोकिएको मितिमा शिलबन्दी दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि बिस्तृत जानकारीको लागि यस कार्यालयको लागि मो नं.९८५१३५४६७२ र सम्बन्धित सा.वउ.स.को कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहको कार्यालय र यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।


## आजको राशिफल


आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com


बिहीबार, १९ असार, २०८२

| | |
|---|---|
| मेष | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| वृष | सानोतिनो समस्याले अल्झाउन सक्छ । |
| मिथुन | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| कर्कट | मिहिनेत गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| सिंह | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । |
| कन्या | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |
| तुला | सोचेको उपलब्धि तत्काल प्राप्तनहुने । |
| वृश्चिक | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| धनु | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| मकर | नयाँ कामको अवसर प्राप्त हुनसक्छ । |
| कुम्भ | सुखद समाचारले उत्साह जगाउनेछ । |
| मीन | रोकिएका काम सम्पादन हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१९ असार , २०८२ (०३ जुलाई, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३६.५४ | १३७.१४ |
| युरो | १ को | १६१.२३ | १६१.९३ |
| पाउन्ड स्टिर्लङ | १ को | १८७.९६ | १८८.७९ |
| स्विस फ्रेन्क | १ को | १७३.०७ | १७३.८३ |
| अस्ट्रेलियन डलर | १ को | ८९.८८ | ९०.२८ |
| क्यानाडियन डलर | १ को | १००.३४ | १००.७८ |
| सिङ्गापुर डलर | १ को | १०७.४२ | १०७.९० |
| जापानी येन | १० को | ९.५५ | ९.६० |
| चिनियाँ युआन | १ को | १९.०६ | १९.१५ |
| साउदी अरब रियाल | १ को | ३६.४१ | ३६.५७ |
| कतारी रियाल | १ को | ३७.४६ | ३७.६३ |
| थाई भाट | ख १ को | ४.२१ | ४.२३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.१७ | ३७.३४ |
| मलेसियन रिङेट | १ को | ३२.५३ | ३२.६७ |
| दक्षिण कोरियन वन | १०० को | १०.०९ | १०.१३ |
| स्विडिस क्रोनर | १ को | १४.४७ | १४.५३ |
| डेनिस क्रोनर | १ को | २१.६१ | २१.७० |
| हङकङ डलर | १ को | १७.३९ | १७.४७ |
| कुवेती दिनार | १ को | ४४७.५३ | ४४९.५० |
| बहराइन दिनार | १ को | ३६२.१३ | ३६३.७२ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# साइबर जोखिमको पूर्वानुमानलाई थप प्रभावकारी बनाइने

**काठमाडौं (प्रस)–** साइबर जोखिमको पूर्वानुमान र जोखिम न्यूनीकरणलाई थप प्रभावकारी बनाइने भएको छ । राष्ट्रिय सभाको बुधबार बसेको बैठकमा विनियोजन विधेयक, २०८२ को विभिन्न शीर्षकमाथिको छलफलअन्तर्गत सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको छलफलका क्रममा चौबिसै घण्टा र सातै दिन साइबर सुरक्षा केन्द्रलाई क्रियाशील बनाउँदै साइबर जोखिमको पूर्वानुमान र जोखिम न्यूनीकरणलाई थप प्रभावकारी बनाइने बताइएको हो ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङका तर्फबाट भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले विनियोजन विधेयकमा उठेका प्रश्नहरूको जवाफ दिएका थिए । जवाफ दिने क्रममा मन्त्री दाहालले साइबर आक्रमणको पहिचान, रोकथाम र प्रतिकार्य गर्दै उत्थानशील साइबर स्पेस तयार गर्ने उद्देश्यका साथ राष्ट्रिय साइबर सुरक्षा केन्द्रको स्थापना गरिएको बताउँदै सूचना प्रविधि तथा साइबर सुरक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संघीय संसद्मा दर्ता भइसकेको व्यहोरा जानकारी गराए ।

सबै सरकारी निकायको वेबसाइटमा एकरूपताल्याई एकीकृत वेबसाइट व्यवस्थापन प्रणाली कार्यान्वयनमा ल्याइएको र वेबसाइटमा हुनसक्ने साइबरजन्य सुरक्षा जोखिम न्यूनीकरणको लागि 'वेब मोनिटरिङ' प्रणाली अवलम्बन गरिएको उनले बताए ।



हाल चौबिसै घण्टा सञ्चालनमा रहेको सरकारी डेटा सेन्टर एकीकृत डेटा व्यवस्थापन केन्द्रलाई थप व्यवस्थित र सुरक्षित बनाइने भएको छ । विचार तथा अभिव्यक्ति स्वतन्त्रता एवम् प्रेस स्वतन्त्रताप्रति सरकार पूर्णप्रतिबद्ध रहेको बताइएको छ । आमसञ्चार क्षेत्रलाई मर्यादित, जिम्मेवार, जवाफदेही, उत्तरदायी र विश्वसनीय बनाउन आवश्यक नीतिगत तथा कानुनी सुधारका लागि विद्यमान ऐन कानुनमा समसामयिक संशोधन तथा नयाँ तर्जुमा गर्ने काम सुरू गरिएको मन्त्री दाहालले बताए ।

उनले भने, 'आमसञ्चारमाध्यममा सबै नागरिकको पहुँच स्थापित गर्न गोरखापत्रबाट ४५, सार्वजनिक प्रसारण रेडियो नेपालबाट २५, नेपाल टेलिभिजनबाट १४ भाषामा र राष्ट्रिय समाचार समिति (रासस) बाट तीन मातृभाषामा कार्यक्रम प्रकाशन तथा प्रसारण हुँदै आएका छन् । आगामी आवमा थप भाषाहरूमासमेत समाचार सामग्री प्रकाशन र प्रसारण गरिने छ । सार्वजनिक प्रसारण संस्थाबाट प्रकाशन प्रसारण हुने समग्र कन्टेन्टको गुणस्तर वृद्धि गरी दर्शक तथा श्रोतामैत्री बनाउँदै लगिने छ ।'

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले विभिन्न सञ्चार माध्यमहरूलाई तथ्यमा आधारित र आधिकारिक सूचना सामग्री उपलब्ध गराई पत्रकारिता क्षेत्रको विश्वसनीयता वृद्धि गर्न प्रेस काउन्सिल नेपालबाट हुने अनुगमनलाई प्रभावकारी बनाइने भएको छ । मन्त्री दाहालले मध्यपहाडी लोकमार्ग र अन्य लोकमार्गहरूमा अप्टिकल फाइबर बिछ्याइ सेवाको गुणस्तर वृद्धि गरिने बताए । साथै सूचना प्रविधि क्षेत्रमा विकसित नवीनतम प्रविधिको उपयोग गर्न एआईसम्बन्धी नीति स्वीकृतिको चरणमा रहेको र आगामी आवमा कृत्रिम बौद्धिकता(एआई) को प्रयोग, प्रवर्द्धन र नियमनका लागि एआई केन्द्रको स्थापना गरिने बताए ।

चलचित्र क्षेत्रमा सूचना प्रविधिको प्रयोग गरी मौलिक, गुणस्तरीय र प्रतिस्पर्धी चलचित्र निर्माणका लागि चलचित्र विकास बोर्डमा पोस्ट प्रोडक्सन ल्याब स्थापनाको कार्य प्रारम्भ भएको छ । बक्स अफिस प्रणालीलाई स्तरोन्नति गर्दै लगिएको र यसका लागि चलचित्रसम्बन्धी विधेयक संघीय संसद्मा दर्ता भइसकेको मन्त्री दाहालले बताए ।

उनले नागरिकता, हुलाक टिकट, अन्तःशुल्क स्टिकर, सवारीधनी प्रमाणपत्र नेपालमै छपाइ सुरू गरिएको र सुरक्षण मुद्रण केन्द्रबाट सवारी चालक अनुमतिपत्र छपाइ गर्ने कार्य प्रारम्भ गरिएको बताए ।

# सेनाको 'हाइयर कमाण्ड तथा म्यानेजमेन्ट' तालिम सम्पन्न



**काठमाडौं (प्रस)–** नेपाली सेनामा सैनिक अधिकृतका लागि सञ्चालन हुने सबैभन्दा उच्चस्तरको १३औं समूहको 'हाइयर कमाण्ड तथा म्यानेजमेन्ट' तालिम आज सम्पन्न भएको छ । नेपाली सैनिक वार कलेजमा सञ्चालित गत फागुन २२ गतेदेखि सञ्चालन भएको महासेनानी दर्जा दर्जाका अधिकृत सहभागी तालिममा दुई महिलासहित ३५ जना शिक्षार्थीको सहभागिता रहेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

तालिममा महासेनानी सुरज बैदवार समग्रमा प्रथम भएका छन् । सर्वोत्कृष्ट सोधपत्र पुरस्कार महासेनानी उत्तम सापकोटाले प्राप्त गरे । नेपाली सेनाका मुलुकभित्र सञ्चालन हुने माथिल्लाका अधिकृत सम्मिलित उक्त तालिमको प्रधानसेनापति अशोकराज सिग्देलले एक कार्यक्रमकाबीच समापन गरे ।

त्यसअवसरमा प्रमुख शिक्षक उपरथी सन्तोष बल्लभ पौडेलले विसं २०७१ देखि सञ्चालन हुँदै आएको उक्त तालिमका विविध पक्षबारे जानकारी दिए ।


**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८२/०३/१९**

**इको हिलिङ इन्भाइरोमन्टल एण्ड इन्जिनियरिङ मल्टिप्रपोज** को मिति २०८२/०३/०३ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **मेच माइन्ड इन्जिनियरिङ कन्सल्टेन्सी (दर्ता नं.: २८१९४१)** कायम गर्ने गरी मिति २०८२/०३/१५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६७/१०/२५ मा दर्ता भएको **प्रा. लि. नं. ८०३७६** को **डल्फिन मत्स्य ह्याचरी तथा एग्रीकल्चर कम्पनी प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०३/१५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७१/०३/१७ मा दर्ता भएको **प्रा. लि. नं. १२४०१४/०७०/०७१** को **सुनापुरे नेपाल ट्रड प्रा. लि.** को मिति २०८२/०३/१८ को विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**



**हकदावी सम्बन्धी ३५ दिने सूचना**

संस्था दर्ता ऐन २०३४ बमोजिम मिति २०७६/०५/३० मा दर्ता भएको **दर्ता नं. ७३६** को **बुद्ध तारा केन्द्र** को मिति २०८२/०२/२७ को सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम संस्था दर्ता ऐन २०३४ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**


## बाढीबाट बस्ती जोगाउन अस्थायी तटबन्ध

**बाँके (प्रस)–** राप्ती नदीको बाढीबाट बस्ती जोगाउन आसपासका क्षेत्रमा अस्थायी तटबन्धको काम सुरुआत गरिएको छ। राप्ती नदीमा आउने बाढीका कारण जोखिममा रहेका राप्तीसोनारी, नरैनापुर र डुडुवा गाउँपालिकाका जोखिममा रहेका दुई दर्जन बढी गाउँलाई बाढीबाट बचाउने जनाउँदै जनताको तटबन्ध कार्यक्रम लमही दाङमार्फत तटबन्ध निर्माणको काम अघि बढाइएको हो । नदी तटीय क्षेत्रमा बर्सेनि डुबानको समस्या हुँदै आएको छ ।

वर्षायाम सुरु भएसँगै राप्ती नदीले निम्त्याउने डुबान, कटान र सम्भावित जोखिम हुने स्थानको पहिचान गर्दै गत एक सातादेखि जनताको तटबन्ध कार्यक्रम आयोजना प्रमुख डा. नारायण सुवेदीसहित प्राविधिक टोलीले निर्माणस्थलमा पुगेर नदीको बाढी गाउँ पस्न नदिन तत्कालका लागि बेम्बो पाइलिङ प्रविधिबाट अस्थायी आपत्कालीन तटबन्ध बनाउने कार्य गरिरहेको छ। राप्ती नदी क्षेत्रमा प्रायः डुबान र कटानको समस्या तीव्ररूपले हुने हुँदा नदी तटीय क्षेत्रमा बसोबास गर्ने स्थानीयवासी बाढी र नदी कटानको पीडाले रातभर सुत्न नसक्ने अवस्थामा रहेकाले तत्कालका लागि बस्ती र जनधन जोगाउन अस्थायी रूपले नदीको चार मिटर गहिराइबाट तटबन्ध बन्ने कार्य जनताको तटबन्ध कार्यक्रमले गरिरहेको डा. सुवेदीले जानकारी दिए ।

जिल्लाका तीन स्थानीय तहअन्तर्गत राप्तीसोनारी गाउँपालिकाको वडा नं ६ स्थित ढलैया, वडा नं ७ को पिप्रहवा, खल्ला झगडिया, देवपुरवा, राप्ती नदीपूर्वको नरैनापुर गाउँपालिकाको वडा नं ६ स्थित सोनवर्षा, गंगापुर (कुदरबेटवा), भोजभगवानपुर तथा डुडुवा गाउँपालिकाको पूर्वी भेगमा बाढीको जोखिम न्यूनीकरणका लागि आपत्कालीन तटबन्धको काम सुरु गरिएको उनले उल्लेख गरे ।


**इक्जोटिक बचत तथा ऋण सहकारी संस्था लि.**
**कालोपुल-५, काठमाडौं, सम्पर्क नं.०१-४५३९१३१, ०१-४५१९१४८, इमेलः** savingexotic@gmail.com

**कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सूचना**

*प्रथम पटक प्रकाशित मिति २०८२/०३/१९ गते*

यस संस्थाबाट तपसिल सदस्यले आफ्नो व्यवसाय सञ्चालन गर्न निम्न लिखित अचल सम्पत्ति धितो राखी लिनुभएको कर्जालाई यस संस्थासँग गरेको सम्झौता वमोजिम समय-समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज तथा अन्य दस्तुर चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत ऋणी तथा जमानतकर्ताले सो को पूर्ण बेवास्ता गर्दै कर्जा चुक्ता गर्न कुनै चासो नदेखाउनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र कर्जा चुक्ता भुक्तानी हुने मिति सम्मको सम्पूर्ण साँवा, व्याज तथा अन्य दस्तुर रकम फछ्र्योट गर्न/गराउनको लागि सम्बन्धित ऋणी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ र यो सूचनाको समेत बेवास्ता गरी बस्नु भएमा यस संस्थाले प्रचलित ऐन, नियम कानून, विनियम वमोजिम धितो सुरक्षण लिलाम विक्रीको प्रक्रिया अगाडि बढाउने व्यहोरा पनि जानकारी गराइन्छ ।

**तपसिल**

| ऋणीको नाम | जमानीको नाम | धितो विवरण |
| --- | --- | --- |
| **ऋणी** : भोज कुमारी<br>**हजुरबुवा** : भक्त बहादुर खत्री<br>**बुवा** : पुत्र मान खत्री<br>**नागरिकता नं.** ०४९२३४३१<br>**स्थायी ठेगाना**<br>**अञ्चल** : जनकपुर<br>**जिल्ला** : महोत्तरी, माइस्थान गा.वि.स -६  | **ऋणी** : नेत्र प्रसाद अधिकारी<br>**हजुरबुवा** : विष्णु प्रसाद अधिकारी<br>**बुवा** : किरण प्रसाद अधिकारी<br>**नागरिकता नं.** १९१०३१/११४१<br>**स्थायी ठेगाना**<br>**अञ्चल** : जनकपुर<br>**जिल्ला** : सर्लाही, मलंगवा गा.वि.स -८  | **जिल्लाः महोत्तरी**<br>**गा.वि.स/न.पाः २५ नं, बहादुर गञ्ज**<br>**वडा नं.**: ८<br>**सिट नं.**: ८ ङ<br>**कित्ता नं.**: ३१८<br>**क्षेत्रफलः** ०-४-८-० (**बिघा** ०-२०-२०-४)<br>(**ब.मि.** १४९०.०१) |



**ठेक्का सम्झौता अन्त्य गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना**

प्रस्तुत विषयमा यस मन्त्रालयको ठेक्का नं. MoWSIE-KP/DoIE/Works/081-82/NCB-03 (Construction of 10/6 inch dia. 120m Depth, Deep Tubewell for Canal Top Solar System at kankai Irrigation Project, Jhapa.) को खरिद कार्यको लागि मिति २०८१/११/१९ गतेका दिन यस मन्त्रालय र निर्माण व्यवसायी श्री B.R. Drilling Sewa, Biratnagar- 3, Morang बिच भएको सम्झौता अनुसार तोकिएको अवधिभित्र कार्य सम्पन्न नगरेको हुँदा कार्य सम्पन्न गर्नका लागि पटक पटक लिखित तथा मौखिक निर्देशन मार्फत आग्रह गर्दा समेत कार्य सम्पन्न गर्ने तर्फ कुनै चासो नदेखाएको/प्रयास गरेको नदेखिएको र मन्त्रालयबाट पठाईएको लिखित पत्रको हालसम्म कुनै जवाफ नदिइएकोले सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ र खरिद सम्झौताको Section VI (General Conditions of Contract) को Clause No. 72 (Termination) को Sub-Clause No. 72.1 बमोजिम ठेक्का सम्झौता किन नतोड्ने ? ठेक्का नतोड्नु पर्ने कुनै मनासिव कारण भएमा सात दिनभित्र स्पष्टिकरण सहित यस मन्त्रालयमा निर्माण व्यवसायी/सप्लायर्सको आधिकारिक प्रतिनिधि उपस्थित हुन सुचित गरिन्छ। अन्यथा यसै सूचनालाई अन्तिम ताकेता मानी ठेक्का सम्झौता रद्द गरी तत् पश्चात गरिने कानुनी कारवाही प्रकृया अगाडी बढाइने व्यहोरा समेत जानकारी गराईन्छ।

**खानेपानी, सिंचाइ तथा ऊर्जा मन्त्रालय, कोशी पदेश, विराटनगर**



Reliable Life INSURANCE LTD. ...Reliable Forever

**रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड**
**Reliable Nepal Life Insurance Limited**
प्रधान कार्यालय, ज्ञानेश्वर, काठमाडौं
फोन नं. ०१-४५२३६१८, ४५२३६३०, फ्याक्स नं. ०१-४५२३६५७
Email: info@reliablelife.com.np, Website: www.reliablelife.com.np

**बीमालेख हराएको सूचना**

**प्रकाशित मिति : २०८२/०३/१९ गते**

यस कम्पनीबाट जारी भएका निम्नानुसारका बीमालेखहरु हराएको भनी बीमितहरुबाट प्रतिलिपि बीमालेखको लागि निवेदन प्राप्त भएका छन् । उक्त बीमालेख उपर हक दाबी भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सबुत प्रमाण सहित यस कम्पनीको प्रधान कार्यालयमा दाबी विरोध दर्ता गर्नुहुन यो सूचना प्रकाशित भएको छ । उक्त मितिभित्र दाबी विरोध नपरेमा निवेदकको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने ब्यहोरा सम्बन्धि सबैलाई सूचित गरिन्छ।

**तपसिल**

| बीमालेख नं. | बीमित/प्रस्तावकको नाम | स्थायी ठेगाना | हराएको मिति |
| --- | --- | --- | --- |
| २१५०००००२८८ | कृष्णा गुरुङ | आठराइ -३, तेरथुम | २०८१/११/२० |
| २०९००००००६३५ | रन्जना कार्की | थाक्रे -०२, धादिङ्ग | २०८२/०२/२५ |
| ५०९००००००११६ | सरिश्मा तिलिजा | अन्नपुर्ण गा.पा. -५, म्याग्दी | २०८२/०२/२२ |
| ६१२०००००४८५ | धर्मराज चौधरी | कोहलपुर -०२, बाँके | २०८२/०२/२० |
| ४१८०००००२३७१ | सन्त बहादुर विश्वकर्मा | तार्केश्वर नगरपालिका -०४, काठमाडौं | २०८२/०१/०९ |
| ३०१००००००२१७ | साङ्मु शेर्पा | भिमेश्वर नगरपालिका -६, दोलखा | २०८२/०१/०९ |
| ४३५००००००२१४ | रेनु कुमाल | भरतपुर -११, चितवन | २०८२/०२/१४ |
| १००००००४१८४ | प्रशान्त कुमार वर्मा | गोपालपुर -०७, धनुषा | २०८१/११/१२ |
| ४०६००००००२२८ | बिशेश्वर प्रसाद भट्ट | धनगढी -०४, कैलाली | २०८२/०१/१६ |
| ४१३००००००००२० | रोजल श्रेष्ठ | बिदुर -८, नुवाकोट | २०८२/०२/०६ |
| ४२८८१८२०१५०९ | लक्ष्मी रेग्मी (रिजाल) | बेनीमनिपुर -६, नवलपरासी | २०८२/०२/०६ |



**पूर्व अरनीको यातायात प्रा.लि. को नामको अचल सम्पत्ति (जग्गा) गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गर्ने बारेको**

**३५ दिने सार्वजनिक सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२/03/१९ गते**

यस पूर्व अरनीको यातायात प्रा.लि.को नाममा दर्ता श्रेस्ता कायम रहेको तपसिलमा उल्लिखित अचल सम्पत्ति (जग्गा) जे जस्तो अवस्थामा छ सोही अबस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत विक्रि गरिने भएको हुँदा यो सुचना प्रकाशित गरीएको छ । तसर्थ उक्त सम्पत्ति खरिद गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनी तथा संघ संस्थाले निम्न लिखित शर्त बन्देजको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । रितपुर्वक फारम नभरेका, केरमेट वा अस्पष्ट रूपमा भरेका र म्याद नाघि प्राप्त भएका बोलपत्रलाई मान्यता दिइने छैन ।

**शर्तहरू :-**

१. बोलपत्र फारम कम्पनीको रजिष्टर्ड कार्यालय भक्तपुर जिल्ला मध्यपुर थिमि न.पा. वडा नं. १ लोकन्थलीबाट कार्यालय समयमा रू.१,०००।- (एक हजार) भुक्तानी गरी (पछि फिर्ता नहुने गरी) प्राप्त गर्न सकिनेछ ।
२. बिक्री गरिने अचल सम्पत्ति (जग्गा)का सम्बन्धमा कम्पनीको कार्यालयबाट थप जानकारी लिन सकिनेछ ।
३. बोलपत्रदाता प्राकृतिक ब्यक्ति भए नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी र फर्म, कम्पनी वा संस्था भएमा दर्ता प्रमाणपत्र, विधान वा प्रवन्धपत्र, कर चुक्ता प्रमाणपत्र तथा आधिकारिक निर्णयको प्रतिलिपी पेश गर्नु पर्नेछ ।
४. बोलपत्रदाताले आफुले कवोल गरेको रकम (निर्धारित न्यूनतम मूल्यमा नघट्ने गरी)को १० प्रतिशतले हुन आउने रकम नगदै कम्पनीको बैंक खातामा जम्मा गरेको भौचर वा कम्पनीको नाममा जारी गरिएको गुड फर पेमेन्ट चेक बोलपत्र फारम साथ पेश गर्नु पर्नेछ ।
५. पेश हुन आएको गोप्य शिलबन्दी बोलपत्र फारम मध्ये सबै भन्दा बढी मूल्य रकम(अंक र अक्षर) कबोल गर्ने व्यक्ति वा संस्थालाई अचल सम्पत्ति (जग्गा) विक्रि गरीनेछ ।
६. कम्पनीले अचल सम्पत्ति (जग्गा) विक्रि गरी दिने निर्णय गरि जनाउपत्र दिए पश्चातको ३५(पैंतिस) दिन भित्र सम्पूर्ण बोलकबोल रकम संस्थामा बुझाई रजिष्ट्रेशन दाखिला खारेजी गर्न लाग्ने सबै खर्च खरिदकर्ता स्वयंले तिर्ने व्यहोर्ने गरी निज स्वयं अग्रसर भई सम्बन्धित मालपोत कार्यालयबाट लिखत रजिष्ट्रेशन गराई लिनु पर्नेछ । सो अनुसार नभएमा धरौटी वापत राखेको १०(दश) प्रतिशत रकम स्वतः जफत हुनेछ ।
७. यसमा उल्लेखित शर्त वाहेकको हकमा कम्पनी ऐन २०६३ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

**तपसिल**

**बिक्री गरिने सम्पत्तिको विवरण** :- पूर्व अरनीको यातायात प्रा.लि. को नाममा मालपोत कार्यालय, काभ्रेपलाञ्चोकमा दर्ता श्रेस्ता कायम रहेको श्रेस्ता अनुसार काभ्रेपलाञ्चोक जिल्ला बनेपा न.पा. वडा नं. १ कित्ता नं. ७५२ (सात सय बाउन्न) क्षेत्रफल ४०४.४१ (चार सय चार दशमलव एकचालिस) वर्गमीटर पुरा कित्ता र कित्ता नं. ७५३(सात सय त्रिपन्न) क्षे.फ. १४८४.३३ (चौध सय चौरासी दशमलव तेत्तिस) वर्गमीटर मध्येबाट कि.नं. ७५२ मा प्लट मिलान हुने गरी बढीमा क्षे.फ. २३१.३९ (दुईसय एकतीस दशमलव उनान्चालिस) वर्गमीटर गरी बढीमा जम्मा क्षे.फ. ६३५.८० वर्गमीटर खाली जग्गा मात्र पुरा ।

**निर्धारित न्यूनतम मूल्य** : प्रति वर्गमीटर रू.६९,२०५।- अक्षरेपी उनान्सत्तरी हजार दुई सय पाँच वा प्रतिआना रू.२२,००,०००।- अक्षरेपी बाईस लाख कायम गरिएको छ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति** : यो सूचना प्रकाशन भएको मितिले ३५औं दिन(मिति २०८२/०४/२१ गते बुधबार) र सो दिन सार्बजनिक विदा परेमा, विदा पश्चात कार्यालय खुलेको पहिलो दिनको कार्यालय समय भित्र बुझाउन सकिनेछ ।

**शिलवन्दी बोलपत्र खोलिने स्थान, मिति र समय** : प्राप्त शिलबन्दी बोलपत्र कम्पनीको कार्यालय भक्तपुर जिल्ला मध्यपुर थिमि न.पा. वडा नं. १ लोकन्थलीमा मिति २०८२/०४/२२ गते विहिबारका दिन दिउँसो ३:०० बजे खोलिनेछ । उक्त दिन सार्बजनिक विदा परेको खण्डमा विदा पश्चात कार्यालय खुलेको पहिलो दिन सोही स्थान र समयमा खोलिनेछ ।

**(पुनश्च : अचल सम्पत्ति (जग्गा) बिक्री सम्वन्धी बोलपत्र स्वीकृत गर्ने वा आंशिक स्वीकृत गर्ने वा रद्द गर्ने सम्बन्धमा निर्णय गर्ने अधिकार कम्पनीमा निहित रहनेछ ।)**



**नाम परिवर्तन सम्बन्धि सूचना**

तेस्रो पटक प्रकाशित मिति: २०८२/०३/१९

कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७४/०५/११ गते बमोजिम यस 'सिनर्जी एकाउन्टिङ्ग कन्सल्टेन्सी प्रा.लि. को साविकको नाम परिवर्तन भई बिज गुरु प्रा.लि. भएको जानकारी सबैमा गराउँदछु ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### कांग्रेसमा भित्रिएको 'धनतन्त्र' र 'डनतन्त्र'

नेपाली कांग्रेसको जारी केन्द्रीय समितिमा दुईवटा उदाहरणीय घटना तीन दिनमा देखिए । ती हुन् 'धनतन्त्र' र 'डनतन्त्र' । केन्द्रीय समितिको पहिलो दिन कांग्रेस संस्थापनइतरका नेता डा. शेखर कोइरालाले वैधानिकताको विषयलाई लिएर प्रश्न उठाएका थिए । उनको प्रश्न सोभिएको थियो डलर अर्बपति विनोद चौधरीमाथि । कांग्रेस विधानअनुसार कुनै पनि व्यक्ति कांग्रेस सदस्य बनेपछि केन्द्रीय सदस्यको उम्मेदवार बन्न १० वर्ष क्रियाशील सदस्य बन्नुपर्छ । तर अर्बपति चौधरी भने २०७४ सालमा कांग्रेस पसेर २०७८ मा सीधै केन्द्रीय सदस्य बने । हुन त धन भनेपछि महादेवको पनि त्रिनेत्र भन्ने उखान पहिलेबाटै चलेको हो । त्यतिबेला शेखरले पनि विधान पढेनन् वा के गरे उनै जानुन् । तर तिनै प्रश्न सोध्ने शेखरलाई अर्बपति चौधरीले उल्टै पाठ सिकाउन भ्याएका छन् ।

डलर अर्बपतिको दाबी थियो, आफूजस्तो शक्तिशाली मान्छेलाई रोक्नेगरी विधानको प्रश्न सोध्ने । खुरुक्क राख्नुपर्छ आफूजस्तो धनी मान्छेलाई । यसै शैलीमा विनोद प्रस्तुत हुँदा शेखरलाई साथ दिने कोही देखिएनन् केन्द्रीय समितिमा । तेस्रो दिन बुधबार अर्को रमाइलो के भयो भने 'डनतन्त्र' उदांगो भयो सानेपामा । सिन्धुपाल्चोकमा कार्यकर्तालाई धम्क्याउँदै तिघ्रा ठटाएर चुनाव जित्ने मोहन बस्नेत अहिले टेरामक्स प्रकरणमा मुछिएका छन् । विशेष अदालतले दही चिउरा खाने दिन पारेर उनलाई २५ लाख धरौटी राखेर तारेखमा छाडेको छ । उनै बस्नेतले महामन्त्री गगन थापालाई धम्की दिए बैठकमा । आफूलाई फसाउने गगन नै भएको दाबी यस्तै भए कोही नबच्ने शैलीमा बस्नेतले चेतावनी दिए ।

कांग्रेस लोकतान्त्रिक दल हो । कांग्रेसले जस्तो विचारलाई पनि प्रस्तुत गर्न खुला छाडिदिएको छ । खराब वा कमजोर विचारहरू आफैं हराएर जान्छन् भन्ने विश्वाय यो व्यवस्था स्वीकार गर्ने दलमा हुन्छ । यद्यपि, कांग्रेस केन्द्रीय समितिमा धेरैजसो नेताहरूले अनुशासन हराउँदै गएको र छाडापन बढ्दै गएको मंगलबारकै बैठकमा भनेका थिए । यद्यपि त्यो क्रम भने रोकिएको छैन । यसरी डनतन्त्र र धनतन्त्रको धक्कु लगाउनेहरू संस्थापन पक्ष अर्थात् सभापति शेरबहादुर देउवापक्षकै नेताहरू हुन् । धनको धक्कु देखाएर पार्टी छिरेका विनोदले शेखरलाई नैतिकताको पाठ सिकाउनु आफैंमा लज्जास्पद विषय हो । अर्को पार्टीलाई स्वच्छ राख्नका लागि हरसमय खबरदारी गरिरहने गगनविरुद्ध चेतावनी दिनु बस्नेतको हस्यास्पद तर्क हो ।

## श्रम सरोकार

### वैदेशिक रोजगारीमा रहँदा अपनाउनुपर्ने स्वास्थ्य सुरक्षाका उपायहरू

- सामान्यतया काम गर्ने समय आठ घण्टा अनिवार्य हो तर काम (ओभरटाइम) पाइयो भन्दैमा १२ घण्टाभन्दा बढी काम गर्दा शरीरलाई चाहिने आराम कम हुने भएकोले स्वास्थ्यमा असर पर्न जान्छ ।
- कोठामा बस्दा वा सुत्दा एसी सही किसिमबाट प्रयोग गर्नुपर्छ ।
- त्यसैले दैनिक १२ घण्टा काम गर्ने हो भने आठ घण्टा अनिवार्यरूपमा आराम गर्नुपर्दछ ।
- दैनिक काम गरेको समय र आरामको समय मिलाई सोहीबमोजिम पोषिलो खाना खानुपर्दछ ।
- स्वदेश र विदेशको वातावरण फरक पर्ने हुँदा पर्याप्त मात्रामा पानी पिउने गर्नुपर्दछ ।
- बाहिरी वातावरणमा घुम्न जाँदा वा हिँड्दा मास्क, चस्मा आदिको प्रयोग गर्नुपर्दछ ।
- जाडो र गर्मीको वातावरण हेरी कार्यस्थलमा वा स्थानमा उपयुक्त तवरले प्रयोग गर्नुपर्दछ ।
- धूमपान तथा मादकपदार्थको प्रयोगले स्वास्थ्यमा तुरुन्तै असर गर्ने भएकोले यसको प्रयोग गर्नु भनेको स्वास्थ्य खतरामा पार्नु हो । त्यसैले मादकपदार्थको प्रयोगबाट टाढै रहनुपर्दछ ।
- कामको प्रकृतिअनुसार तोकिएका सुरक्षाका सामानहरू प्रयोग गर्नुपर्दछ । जस्तोः चस्मा, पञ्जा, रोप, बुट, ड्रेस, हेल्मेट, हार्नेस आदि । सुरक्षा कवच प्रयोग गर्न लापरवाही गरे दुर्घटना हुनसक्छ, स्वास्थ्यमा असर पर्छ ।

#### महिला कामदारले ध्यान दिनुपर्ने कुराहरू

- प्रायः घरमा सिसी क्यामरा जडान गरिएको हुन्छ । त्यसबाट सबै कुरा निरीक्षण गरिरहेका हुन्छन् । त्यसैले सावधानी अपनाउनुपर्दछ ।
- घरमुली वा रोजगारदातासँग बढी कुराकानी गर्दा कतिपय ठाउँमा राम्रो मानिँदैन ।
- नचिनेको महिला वा पुरुषको साथ लागेर नचिनेको/नजानेको ठाउँमा जानु हुँदैन ।
- पुरुष रोजगारदातामात्र घरमा भएका बेला विशेष सावधानी अपनाउनुपर्दछ ।
- कुनै समस्यामा परिहाले कसलाई सम्पर्क गर्ने भन्ने पूर्वतयारी अवस्थामा रहनुपर्दछ । त्यस्तो अवस्थामा गोप्य तरिकाले सम्बन्धित निकाय, संस्था वा व्यक्तिलाई सहयोगको याचना गर्नुपर्दछ ।
- पहिलोपटक वैदेशिक रोजगारीमा गएका महिला कामदारले विशेष सावधानी अपनाउनुपर्दछ । त्यहाँको वातावरणमा घुलमिल हुन केही समय लाग्ने हुँदा आफूलाई आफैंले स्वनियन्त्रणमा राखी काम गर्नुपर्दछ ।

# खानेपानीको समानुपातिक वितरण माग र आवश्यकता



■ पदम श्रेष्ठ

> सरकारकै सहभागितामा वितरित खानेपानी समानुपातिक र समय तालिकाअनुसार वितरण हुन नसकेको कारण उपत्यकाबासीमा पानीको हाहाकार हुन पुगेको हो । त्यसमाथि बाजेको पालामा काटिएको धारा पुनः जडान गर्न जाँदा ब्याजको स्याज उठाउनेगरी बिल तेर्स्याएपछि पानी उपभोक्ताहरू ठगिएको महसुस गर्न बाध्य छन् । धेरै जसो पहिले पानी नआएपछि बन्द धाराको ठाउँमा मेलाम्चीको पानी लिने पाइप जडान गर्न जाँदा खाँदै नखाएको पानीको पनि ब्याजसमेत असुलेपछि सहरी गरिबहरू काकाकुलकै स्थितिमा पुग्न बाध्य भएका हुन् ।

खानेपानीमन्त्री प्रदीप यादवले काठमाडौं उपत्यकामा मेलाम्चीको खानेपानी निर्वाध उपलब्ध हुने भने पनि उपत्यकाबासीका लागि पानीको पहुँच कतै छचालब्याल त कतै काकाकुलकै स्थितिमा रहेको पाइन्छ । सरकारकै सहभागितामा वितरित खानेपानी समानुपातिक र समय तालिकाअनुसार वितरण हुन नसकेको कारण उपत्यकाबासीमा पानीको हाहाकार हुन पुगेको हो । त्यसमाथि बाजेको पालामा काटिएको धारा पुनः जडान गर्न जाँदा ब्याजको स्याज उठाउनेगरी बिल तेर्स्याएपछि पानी उपभोक्ताहरू ठगिएको महसुस गर्न बाध्य छन् । धेरै जसो पहिले पानी नआएपछि बन्द धाराको ठाउँमा मेलाम्चीको पानी लिने पाइप जडान गर्न जाँदा खाँदै नखाएको पानीको पनि ब्याजसमेत असुलेपछि सहरी गरिबहरू काकाकुलकै स्थितिमा पुग्न बाध्य भएका हुन् ।

काठमाडौं महानगरपालिका-२७ महाबौद्धकी रत्नतारा ताम्राकारले आफ्नो घरमा मेलाम्चीको धारा जडान गर्न निवेदन दिँदा खानेपानी विकास बोर्डले दुई लाख २२ हजार रूपैयाँको बिल थमाइदिएको गुनासो गरिन् । जबकि २०४७ सालमा नै आफ्नी आमाले आफ्नो मृत्युअघि नै खानेपानी संस्थानद्वारा वितरित पानी पर्याप्त, समय तालिकाअनुसार नआउने भएपछि धारा कटाइदिएको उनी बताउँछिन् । निवेदनपछि मासिक ५० रूपैयाँको बिल आउन पनि रोकिएकै थियो । आवश्यक खानेपानी नजिकैको भोटाहिटी वा अन्य ढुंगेधाराको पानीले घर चलाएकी थिइन् । पानीको पाइपसमेत हटिसकेको अवस्थामा मेलाम्चीको पानीको धारा जडान गर्न निवेदन दिँदा ४४ वर्षदेखिको पानीको बिल जरिवानासमेत तिर्नुपर्ने भनेपछि रत्नतारा आश्चर्यमा परेकी हुन् ।

यस्तो समस्या रत्नताराजस्ता एक्ला उपभोक्ता मात्र होइन, काठमाडौं उपत्यकाको प्राचीन भित्री सहरबासी प्रायः सबैको हो । यसरी पुर्खाले ढुंगेधारा, इनार, कुवामार्फत निःशुल्क दिँदै आइरहेको खानेपानीमाथि नाकाबन्दी गरी खानेपानी विकास बोर्डले पानीमाथि व्यापार गरिरहेको आरोप अर्का पीडित इनबहालकी रश्मी तुलाधरको छ । बोर्डको लुटधन्दाका कारण काठमाडौं, ललितपुर भक्तपुरलगायतका भित्री बस्तीमा बसोबास गरिहेका सहरी गरिबहरू प्रत्यक्ष मारमा परिरहेका उनी बताउँछिन् । यस्तो लुट धन्दामाथि जनप्रतिनिधिहरूको पनि निगरानी र अनुगमन हुनसकिरहेको छैन । यसका लागि खानेपानी कुन क्षेत्रमा कति बजे कति घण्टा पानी पठाउने हो, सूचना गराउनुपर्थ्यो । बिजुली र नेटमाजस्तै पानी आउन नसक्ने भए कारणसहित कति दिन पानी वितरण नहुने हो भन्नेबारे वडाबासीलाई सुसूचित गराउनुपर्थ्यो । तर, कुनै जानकारी नगराई धाराबाट हावामात्र आए पनि जरिवाना शुल्कसमेत तिराएपछि परम्परागत सहरी बस्तीका बासिन्दाहरू, कोठा भाडामा बस्ने उपभोक्ताहरू पीडित हुनुपरिरहेको छ ।

यस्तो समस्या समाधानका लागि स्थानीय उपभोक्ताहरूका तर्फबाट विभिन्न मागहरू सारिएको छ । जसमा असमान पानी वितरणलाई रोक्न समानुपातिक वितरण प्रणाली लागू गर्नुपर्ने, पानी वितरणको समय तालिका सुनिश्चित गरिनुपर्ने, बिजुली वा इन्टरनेटमा जस्तै एक वा दुई महिना पानीको बिल चुक्ता नगर्नेको पाइपको लाइन नै बन्द गरिदिने व्यवस्था हुनुपर्ने, पानी खानै नपाएका उपभोक्तासँग तीनपुस्ते जरिवाना असुल्ने कार्य बन्द गर्नुपर्नेलगायत छन् । यसैगरी खानेपानी बोर्डमा उपभोक्ताको पनि प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने, राजधानीका आदिवासीलाई ढुंगेधारा, इनार र कुवा आदिको पानीबाट वञ्चित गर्ने र बोर्डमार्फत सञ्चालित धाराको पानीमा भइरहेको व्यापारीकरण रोक्नुपर्ने, लोपोन्मुख ढुंगेधारा, इनार, कुवाको संरक्षणका लागि वर्षको दुईपटक सिथी नखः र घेडेजात्रा पाँहाचह्रेमा विशेष सफाइ गर्न खानेपानी बोर्डबाट बजेट विनियोजन गर्नुपर्नेलगायत माग रहेका छन् ।

### पानी अभावलाई समाधान गर्न के गर्ने ?

मुख्य कुरा बस्ती निर्माण र मानिस बसोवास गराउँदा सर्वप्रथम पानीको स्रोत व्यवस्थापन पहिलो कर्तव्य हुनुपर्थ्यो तर नेताहरूले विदेशीले जे-जे परियोजना ल्याइदियो त्यही त्यही विकास निर्माणलाई उद्घाटन गरिदिने गर्दा गर्दै काठैकाठैको काठमाडौं उपत्यका कंक्रिटमाडौं हुँदै गइसके । त्यसको एउटा ज्वलन्त प्रमाण 'स्मार्ट सिटी'को अवधारणा पनि हो ।

उपत्यकाको चारकुनामा चारवटा (एक लाख ३० हजार रोपनीको) स्मार्ट सिटी र एक लाख रोपनी खेतीयोग्य जमिन अधिग्रहण गरी आठ लेनको ७२ किलोमिटर बाहिरी चक्रपथ निर्माणको घोषणा गरेका थिए नेताहरूले । त्यसलगतै स्थानीयले विरोध गरे । कुनै वास्ता भएन, जबकि भित्री २८ किलोमिटरको चक्रपथ बनाइदिने भन्दै चीनले थालेको निर्माण कार्य नै ३५ वर्ष नाघिसकेको थियो । चक्रपथ निर्माणको नाउँमा धुँवा, धुलो, हरियाली नासमात्र होइन कि पानीका मुहानहरूलाई सम्बन्धविच्छेद गर्ने कामसमेत भयो । त्यसमाथि चक्रपथमा मेट्रो रेललगायतको उद्घाटन, झण्डै मरुभूमिकृत उपत्यकाभित्र बाहिरी चक्रपथ र हरियालीविहीन स्मार्ट सिटी बनेमा स्वासप्रश्वासका लागि ग्यास सिलिण्डर बोकेर हिँड्नुपर्ने चेतावनी विज्ञहरूले दिएका छन् ।

सो संरचनाले ३० प्रतिशत खेतीयोग्य जमिन नष्ट हुने चेतावनी नेवाः राजनीतिक आन्दोलनका अगुवा डा. महेशमान श्रेष्ठलगायतका विज्ञहरूले दिएका छन् । राजधानीलाई सांस्कृतिक पर्यटनको केन्द्र बनाउन संघीय विकेन्द्रित राज्य संरचना आवश्यक रहेको जनस्तरबाटै आवाज उठिरहेको बेला विकेन्द्रित संघीय राज्य संरचना नहुनु नै सांस्कृतिक काठमाडौं उपत्यका कंक्रिटमाडौं बन्दै जानु र पानीको हाहाकार हुँदै जानुको प्रमुख कारण भएको तथ्य प्रमाणित भइसकेको छ ।

सानो २५० वर्गमाइल क्षेत्रफलभित्रको काठमाडौ उपत्यकामा ५० लाख जनसंख्या पुगिसकेको छ । स्मार्ट सिटी र बाहिरी चक्रपथको निर्माणलगतै त्यसमा २० लाख जनसंख्या थपिए झनै विकराल बन्दै जाने छ काठमाडौं उपत्यका । उपत्यकामा अहिले दैनिक २२ हजार करोड लिटर पानीको माग छ, तर जाडोमा १० हजार करोड लिटर र गर्मीमा १७ हजार करोड लिटर मात्र पानी उपलव्ध भइरहेको तथ्यांक छ । मेलम्चीको पानी ल्याइएपछि पनि ५४ हजार करोड लिटरमात्र उपलब्ध छ । जनसंख्या चापसँगै केही वर्षभित्रै मेलम्चीको पानीलेसमेत पर्याप्त नहुने निश्चित छ ।

### पहिलो सर्तः मुहान संरक्षण

स्वयम्भू महाचैत्य (१४१० मिटर) लाई केन्द्रित काठमाडौं उपत्यकाको पहिलो मानव बस्तीको व्यवस्थापन नै बालाजु नागार्जुनस्थित पुरानो गुहचेश्वरीसम्म फैलिएको बताइन्छ । प्रत्येक वर्ष ल्हुति पुन्हि बालाजु बाइसधारामा नुहाउने मेला लाग्ने परम्पारा नै पानीको मुहानै यहाँ भएकोले हो तर वर्तमानमा नुहाउने मेलाको बेला वैकल्पिक व्यवस्था गर्नुपर्ने अवस्था आएको छ ।

**१) जामाचो (नागार्जुन) यंकीदह पर्यटन नगरी**

जामाचो पहाड (नागार्जुन ६३३० फिट) मा बोधिसत्व नागार्जुनले बज्रयान ध्यानलाई प्रवर्द्धन गराएका थिए । आदिकालमा काठमाडौं खाल्डोमा बसोवास हुनुअघि उल्लिखित बस्तीका नदी किनारमा बसोवास थिए ।

मुड्कुगढी, बालाजु, नागार्जुन, इचंगु, स्वयम्भू, इनडाँडा, भिमढुंगा, रामकोट, बतासेडाँडा, किटिनभञ्ज्याङ, बलम्बु, दहचोकसम्मलाई आधार मानी यस क्षेत्रका मुहान संरक्षण गर्नुपर्ने आवाजहरू उठेका छन् । तर धाराको पानी आउने आशामा परम्परागत ढुंगेधारा, कुवा, इनारको संरक्षण नहुँदा व्यापारी पानी विकास बोर्डले डलरमा खानेपानी किन्न बाध्य पारेको छ ।

**२) शिवपुरी, ककनी शिफुचो**

बूढानीलकण्ठ (८९६२ फिट) स्थित ऋकुच्छन्द बुद्धले स्थानीयलाई बुद्धधर्ममा दीक्षित गराएको स्थान । झुलेडाँडा, मणिचुड, बज्रयोगिनी, गागलफेदी, मुलखर्क, ओखनी, चिलाउने, तारेभिर, सुन्दरीजल, शिवपुरी, गोकर्ण, रिमिकोट, बूढानीलकण्ठ, खड्ग चपली भद्रकाली, गर्जुभञ्ज्याङ, झोर महाँकाल, टोखा, कल्लेडाँडा, तारकेश्वर, मनमैजु, जीतपुर, धर्मस्थली, गोलढुंगा, ककनीसम्मलाई लिइन्छ भने शिवपुरीकै पानीले उपत्यकाबासीको प्राण धानिएको थियो मेलम्ची आउनुअघि । अहिले यो पानीलाई पनि व्यापारीकरण गरिसकेको अवस्था छ ।

**३) चन्द्रागिरि चम्पादेवी पर्यटन नगरी**

चन्द्रागिरि (७९५० फिट) माथि बुद्ध स्तूपा र चैत्यलाङमार्ग (चित्लाङ) रहेको छ । हालै केबलकारसहित भालेश्वर महादेव स्थपित छ । नागढुंगा, छैमले, वाडभञ्ज्याङ, चित्लाङ, टिस्टुङ, पालुङ, थानकोट, देउराली, मच्छेगाउँ, कीर्तिपुर, चोभार, फर्पिङसम्म यस नगरीमा पर्दछ । नेपालको पहिलो बिजुली उत्पादनको पावरहाउस बनाउन योगदानी पोखरीको पानी फर्पिङ शेषनारायणबाट पाटनबासीको खानेपानीको प्यास मेटाइरहेको छ तर खानेपानी बोर्डले स्थानीयलाई पनि ब्याजको जरिवानासहित शुल्क उठाइरहेको छ । यद्यपि, स्थानीयबाट कुनै प्रतिवाद हुन सकेको पाइँदैन ।

**४) फुल्चोकी-लाकुरी भञ्ज्याङ पर्यटन नगरी**

फुल्चोकी (९०७३ फिट) गोदावरी डाँडा विश्वभूबुद्ध र फुचोमाजु (मञ्जुश्री) ले ध्यान गरी सिद्ध भएको पीठ मानिन्छ । भट्टेडाँडा, बुङमति, खोकना, देवीचौर, भुसेलडाँडा, दहचोक, नल्लु, लेले, कोडभञ्ज्याङ रानीकोटगढी, पोखरेथुम्का, पञ्चलिंग, घ्याम्पेडाँडा, नैचलडाँडा, पाटीभञ्ज्याङसम्मको भूभागलाई फुल्चोकी गोदावरी क्षेत्रको रूपमा लिन सकिन्छ । गोदावरीको मुहानबाट उत्पादित पानीलाई जति सदुपयोग गर्नुपर्ने हो त्यति हुन सकिरहेको पाइँदैन । तर बोर्डले यस क्षेत्रमा पनि पानीको व्यापार गरिहेको छ ।

**५) नगरकोट जरसिंहपौवा पर्यटन नगरी**

नगरकोट (५९३३ फिट) मञ्जुश्री र उनकी पत्नी सरस्वती ल्हासा प्रस्थान गर्दा बसेको स्थानका रूपमा लिइन्छ । मणिचुड दह (७२०० फिट) बोधिसत्व मणिचुड महाराज (भगवान् गौतम बुद्धको पूर्वावतार)ले बज्रयोगिनीको आदिभूमि साँखुवासीलाई रोगबाट बचाउन आफ्नो शिरको मणिमस्तक काटेर दान गरेका थिए ।

साँगाभञ्ज्याङ, बनेपा, धुलिखेल, पनौती, कलामसीडाँडा, चाँगुनारायण, भट्टेडाँडा, नाङलुङ, थानाभञ्ज्याङ, जरसिङपौवा, लप्सीफेदी, नाङलेभारे, चौकीभञ्ज्याङ, कातिके भञ्ज्याङ, चिसापानी, मेलाम्ची । वर्तमानमा मेलाम्ची-नगरकोट-जरसिङपौवाभित्र पर्नुअघि भक्तपुरबासीको पानीको मुहान स्थानीय साना-साना पानीको मुहान नै हुने गर्थ्यो भने ती पानीका मुहानमध्ये मणिचुड दह साँखुलाई पनि लिन सकिन्छ । तर स्थानीयमा पानी अधिकारबारे ज्ञान नहुँदा आफ्नो भूमिबाट संकलित पानीलाई अन्तरिक्षबाट ल्याएर तिमीहरूलाई खुवाइरहेका छौं भनिएजस्तै गरी सितैमा बाँड्नुपर्ने पानीमाथि शुल्क उठाइरहेको अवस्था छ । अब भने यस विषयमा जनता सचेत हुन थालेका छन् । विद्रोहको आवाज उठ्न थालेको छ । समयमै स्थानीयको मागअनुसार पानीको व्यवस्थापन नगरिए विद्रोह निश्चित छ ।

## पाठक मञ्च

### परिवर्तनमा नेवार समुदायको योगदान, बदलामा विस्थापन !

२०७२ वैशाख १२ गते गएको महाभूकम्प अविष्मरणीय छ । १४ जिल्लामा ठूलो क्षति पुऱ्याएको भूकम्पले काठमाडौं उपत्यकालाई पनि छोडेन । भूकम्पका कारण धेरै घर चर्कियो, भत्कियो । तर, ती घरमा अहिलेसम्म मानिसहरू बसोबास गरिरहेका छन् । काठको टेको लगाएर बल्लतल्ल ठडयाइएको घरमा ज्यानको जोखिम मोलेर बस्ने क्रम जारी छ ।

काठमाडौं उपत्यकाका घर कस्ता छन् ? सबैलाई थाहा छँदै छ । एक आना जग्गामा धरहराजस्तो घर ठडयाइएको छ । पाँचदेखि १८ तलासम्म घर निर्माण भएको छ, त्यो पनि जोडेर । भक्तपुरका सडक यस्ता छन् कि ट्याक्सी पनि छिर्दैन । सानो गोरेटो बाटो राखेर घर निर्माण गरिएको छ । आगलागी भयो, कोही बिरामी पऱ्यो भने समस्या छ । दमकल कहाँबाट छिराउने, एम्बुलेन्स कताबाट ल्याउने ? उपत्यकाको इतिहास केलाउने हो भने, यो नेवार समुदायको बसोबास रहेको ठाउँ हो । यहाँ विगतदेखि नै नेवार समुदाय बस्दै आएका छन् । वर्तमान राष्ट्रपति रामचन्द्र पौडेलले जन्मथलो तनहुँ हो । निवर्तमान राष्ट्रपति विद्यादेवी भण्डारीको जन्मथलो भोजपुर र डा. रामवरण यादवको धनुषा हो । पाँचचोटि प्रधानमन्त्री पद सम्हाल्ने कांग्रेसी सभापति शेरबहादुर देउवाको गृहजिल्ला डडेलधुरा पर्छ । पटक-पटक प्रधानमन्त्री बनिसकेका एमाले अध्यक्ष केपी शर्मा ओलीको झापा र माओवादी अध्यक्ष पुष्पकमल दाहालको चितवन हो ।

नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल रौतहट र वरिष्ठ नेता झलनाथ खनाल इलाममा जन्मिएका हुन् । डा. बाबुराम भट्टराई गोरखाका हुन् । जति पनि प्रधानमन्त्री भए, जम्मै बाहिरी जिल्लाका छन् । प्रधानमन्त्री ओली स्पेन गएपछि कार्यवाहक प्रधानमन्त्रीको जिम्मेवारी काठमाडौंकै रैथाने प्रकाशमान सिंहलाई दिइएको छ ।

पाँच दशकअगाडि दशौं रोपनी जग्गा भएकाहरू अहिले रित्तै छन् । किनकि उनीहरूले सबै जग्गा बेचिसके । अहिले उनीहरूसँग सम्पत्ति नै छैन । जसका कारण उनीहरू नयाँ घर बनाउन असमर्थ छन् । अन्य ठाउँको जग्गा बेचेर खाइसके, भएको त्यही एउटा घर छ । त्यो घर भत्कायो भने अर्को घर बनाउन जग्गा पुग्दैन । भएको त्यो एकदेखि तीन आना जग्गा पनि बाटोले खाने भएपछि उनीहरू ज्यानकै बाजी राखेर त्यस्ता घरमा बस्न बाध्य छन् । भक्तपुरतिर एउटै घर धेरै भाइमा भागबण्डा लगाएको पाइन्छ । तला-तला भागबण्डा गरिएको छ । यहाँका रैथानेहरू धेरै विस्थापित भइसकेका छन् ।

अहिले उपत्यकामा यहींका रैथाने कम र बाहिरी जिल्लाबासी बढी छन् । राजनीति गरेर, व्यापार व्यवसायबाट कमाएर, सार्वजनिक, सरकारी, गुठी र ऐलानी जग्गा कब्जा गरेर बाहिरी जिल्लाबासीले यहाँ सम्पत्ति जोडे । उनीहरूले यहाँ घर बनाए पनि गाउँघरको सम्पत्ति बेचेका छैनन् । बिघा-बिघा जमिन भएको बताउँछन्, उनीहरू ।

त्यहाँ भएको घर भाडामा लगाइएको, खेतबारी कमाउन दिएको उनीहरूको भनाइ छ । उनीहरू बिहान-बिहान मर्निङ वाक हिँड्छन्, यहाँका स्थानीयचाहिँ सडकमा साग बेच्न बस्छन् । यो अवस्था कसरी बन्यो त ? २०४८ देखि २०७९ सालसम्म भक्तपुर निर्वाचन क्षेत्र नम्बर १ मा नेपाल मजदुर किसान पार्टीले जित हासिल गरिरहेको छ । तर, यो क्षेत्रमा बसोबास गर्ने ८० प्रतिशत बाहिरी जिल्लाका छन् । उनीहरूले जग्गा किनेर घर बनाइसकेका छन् । २० प्रतिशत यहाँका रैथाने बाँकी छन् । नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेंले न आफ्ना मतदातालाई यही टिकाउन सके न उनीहरूका लागि केही सके । उनकै सामुन्ने त्यहाँका स्थानीय सुकुम्बासी बनिहाले ।

काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र साहको बुबाको घर तराई हो । तर, उनले काठमाडौंमा निर्वाचन जिते । यसले नै काठमाडौंबाट पनि नेवार समुदायको इतिहास मेटिँदै गएको छर्लंग पारेको छ । नेपालीहरू धमाधम अमेरिका, अस्ट्रेलिया, क्यानडालगायत विकसित मुलुक छिरिरहेका छन् । अधिकांशले त्यहाँको नागरिकता लिइसकेका छन् । त्यसलाई मध्यनजर गर्दै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले धमाधम अन्य देशका नागरिकलाई फर्काउन थालेका छन् । त्यहाँको नागरिकताको मूल्य ५० लाख डलर तोकिएको छ । आफ्ना देशका नागरिक विस्थापित हुन सक्छन्, अन्य देशका नागरिकले आफ्नो भूभाग कब्जा गर्न सक्छ भनेरै उनले सो कदम चालेका हुन् ।

जसरी नेवारी समुदाय काठमाडौं उपत्यकाबाट विस्थापित भए, अन्य मुलुकको नागरिकता लिएको नेपालीको हालत पनि त्यस्तै हुन बेर छैन । किनकि ट्रम्पले त्यो काम गरिसके । अन्य मुलुकले नगर्ला भन्न सकिन्न । विकसित मुलुक पठाउनेमा उपत्यकाबाहेकका जिल्लाबासी छन् ।

पहिलेपहिले भनिन्थ्यो- भक्तपुर, ललितपुर, कान्तिपुर 'काठमाडौं' र कीर्तिपुरको जनता उठेपछि मात्र देशको राजनीतिक परिवर्तन हुन्छ । र, यो पटक-पटक सावित पनि भएको छ । देशमा राजनीतिक परिवर्तन गर्न नेवार समुदायको ठूलो योगदान छ । तर, उनीहरू सत्ताको प्रमुख पदमा कहिल्यै पुग्न सकेनन्, किन ?

*– अनुसा थापा, भक्तपुर*



**यार्तुङ पर्व** | मनाङ डिस्याङ गाउँपालिका मनाङ गाउँमा यार्तुङ पर्व (घोडादौड) सुरु । यस पर्वले गाउँमा सुख शान्ति छाउनुको साथै मेलमिलाप र भाइचारा कायम गर्ने विश्वास रहेको छ । *तस्बिरः नवीन लामिछाने/रासस*

# परियार समुदायको संग्रहालय निर्माण गरिँदै

**भरतपुर (प्रस)**– चितवनमा परियार समुदायको संग्रहालय निर्माण गरिने भएको छ । परियार एकता समाज चितवनको अगुवाइमा भरतपुर महानगरपालिका-२२ पटिहानीमा परियार समुदायको नेपालकै पहिलो संग्रहालय बनाउन लागिएको हो ।

परियार समुदायको ज्ञान, सीप र क्षमता संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्न संग्रहालय निर्माण गर्न लागिएको परियार एकता समाज चितवनका अध्यक्ष सुरज परियारले जानकारी दिए । उनका अनुसार करिब दुई करोड रूपैयाँको लागतमा संग्रहालय बनाउन लागिएको हो ।

अहिले भरतपुर महानगरपालिकाको सहयोगमा भवनको डिपिसीसम्मको काम सम्पन्न भएको छ । सभाहलसहित चार तलासम्मको भवन निर्माण गर्न लागिएको छ । 'नयाँ पुस्तालाई आफ्नो परम्परागत पेसाबारे ज्ञान छैन,' उनले भने, 'हाम्रो संस्कृतिको विषयमा अध्ययन गर्न मिल्नेगरी संग्रहालय बनाउन लागेका हौं ।'

परियार समुदायको दर्जी, सूचीकार, नगर्ची, ढोली, हुडकेलगायतका थर हुन्छन् । यो समुदायको मुख्य पेसा विवाह, जात्रा र पूजाजस्ता अवसरमा पञ्चेबाजा बजाएर कार्यक्रम आरम्भ गर्ने, सिलाइ र पोसाक बनाउने हो । आजभोलि परियार समुदायले अपनाउँदै आएको पेसा अन्य समुदायले अवलम्बन गर्न थालेको समाजका अगुवा शेरबहादुर परियारले बताए ।

'हामीले बाजा बजाउन, सिलाउन अन्य समुदायलाई सिकायौं । तर हाम्रा छोराछोरी नातिनातिनाले सिकेनन्,' उनले भने, 'अब संरक्षण गरिएन भने केही वर्षमा हाम्रो पेसाको इतिहाससमेत मेटिन सक्छ ।' उनले संस्कृति लोप हुन लागेकाले संरक्षणका लागि संग्रहालय बनाउन लागिएको बताए ।

संग्रहालय निर्माणका लागि भरतपुर महानगरपालिकाले जग्गा उपलब्ध गराएको छ । यहाँबाट पञ्चेबाजा बजाउन सिकाउने र पुराना बाजाहरूको संरक्षणसमेत गरिने छ । परियार समुदायको पोसाकको संरक्षणसँगै विगतमा सिलाइकटाइ गर्दा प्रयोग गरिने सामग्रीको संरक्षणसमेत गरिने उनले जानकारी दिए । विगतमा जन्मदेखि मृत्युसम्म परियार समुदायले सिलाएको कपडा लगाउनेदेखि शुभसाइतका लागि बाजा बजाउने प्रचलन थियो । संग्रहालयले परियार समुदायको जातीय पहिचानसहित ज्ञान र सीपको संरक्षण गर्दै पर्यटन प्रवर्द्धनमासमेत टेवा पुऱ्याउने विश्वास लिइएको छ ।

तीन वर्षमा निर्माण गरिसक्ने लक्ष्य राखेर थालिएको संग्रहालय निर्माणका लागि दुई करोड रूपैयाँमध्ये हालसम्म भरतपुर महानगरपालिकाले १० लाख रूपैयाँ उपलब्ध गराएको छ भने बाँकी रकम जुटाउने क्रममा रहेको कोषाध्यक्ष डिल्लीबहादुर परियारले बताए ।

'भरतपुर महानगरपालिका, प्रदेश सरकार तथा विभिन्न संघसंस्था र व्यक्तिहरूको सहयोग जुटाएर भवन निर्माण गर्न लागेका हौं,' डिल्लीबहादुरले भने, 'सबैको सहयोग भएमा परियार समाजको संस्कृतिलाई अध्ययन केन्द्रको रूपमा विकास गर्दैछौं ।' नेपालमा परियार समुदायको जनसंख्या छ लाखको हाराहारीमा छ ।

नारायणगढ-बुटवल सडक

# तेस्रोपटकको म्याद सकिन लाग्दा प्रगति ६९ प्रतिशतमात्र

■ दयाराम आचार्य



**त्रिवेणी (नवलपरासी)**– नारायणगढ-बुटवल सडक निर्माण योजनाको भौतिक प्रगति ६९ प्रतिशत पुगेको छ । तेस्रोपटक थपिएको म्याद सकिनै लाग्दा निर्माणको भौतिक प्रगति ६९ प्रतिशत पुगेको नारायणगढ-बुटवल सडक योजना पूर्वी खण्डका सूचना अधिकारी शिव खनालले बताए ।

नारायणगढ-बुटवल सडक विस्तारको काम २०७५ माघ २४ गते सम्झौता भएर २०७९ साउन २२ गते सम्पन्न गर्ने गरी चाइना स्टेट कन्स्ट्रक्सन कर्पोरेसन प्रालिले काम सुरु गरेको थियो । निर्धारित समयमा काम सम्पन्न नभएपछि २०८१ साउन ८ गतेसम्मका लागि दोस्रोपटक म्याद थप भएको थियो । यस अवधिमासमेत काम सम्पन्न नभएपछि गत साउनमा २०८२ साउन ८ गतेसम्मका लागि तेस्रो पटक म्याद थप गरिएको थियो । यस अवधिको अन्त्यमा आइपुग्दा ६९ प्रतिशत काम सकिएको हो ।

सूचना अधिकारी खनालका अनुसार चौथोपटक म्याद थपको प्रक्रिया अघि बढाइएको छ । नारायणगढ-बुटवल सडकको कूल ११३ किलोमिटरलाई दुई खण्डमा विभाजन गरी काम अघि बढाइएको थियो । निर्माणको जिम्मा पाएको चाइना स्टेट कन्स्ट्रक्सन कर्पोरेसन प्रालिले ५७६ दिन थप म्याद थपका लागि माग गरेको छ । एक वर्षका लागिमात्र म्याद थप गर्ने तयारी गरिएको सूचना अधिकारी खनालले बताए ।

चौथोपटक म्याद थप्ने तयारी हुँदै गर्दा नारायणगढदेखि दुम्किबाससम्मको खण्डमा एकतर्फी रूपमा ५५ किलोमिटर कालोपत्र सडकमा यात्रा गर्न सकिने उनले बताए । यस खण्डको चोरमारा बजार, अरुणखोला र दुम्कीबास बजारको केही भागमात्र कालोपत्र गर्न बाँकी रहेको सूचना अधिकारी खनालले बताए ।

## डाइभर्सनको दुःख हट्ने

नारायगण-बुटवल सडकखण्डअन्तर्गत दुम्कीबासको विनयी खोलामा रहेको पुल भाँचिएपछि डाइभर्सनबाट यातायात सञ्चालन गरिँदै आएको छ । गत पुसमा पुल भाँचिएपछि डाइभर्सनबाट यातायात वारपार गराइँदै आइएको छ । पटक-पटक वर्षासँगै आएको बाढीका कारण डाइभर्सन बगाउँदा चालक तथा यात्रुले सास्ती खेप्दै आएका छन् ।

आयोजनाले भाँचिएको पुल छेउमा नयाँ पुल निर्माण गरेको छ । उक्त पुल अब दुई तीन दिनमा सञ्चालन गरिने सूचना अधिकारी खनालले बताए । पुलमा मौसमले साथ दिएमा बुधबार कालोपत्र गरिने र ढिलोमा आउँदो शनिबार सञ्चालन गर्ने योजना रहेको उनले बताए । नयाँ पुल सञ्चालनमा आएमा डाइभर्सनका कारण सास्ती खेप्दै आएका चालक तथा यात्रुलाई सहजता मिल्ने छ ।

नवलपुर खण्डमा लामो पुलअन्तर्गत पर्ने अरुणखोला र गिरुवारी खोलामा भने बर्खापछि पुल निर्माणको काम गरिने छ । सामान्य गर्न मिल्ने केही काम नियमित भए पनि बर्खाअघि यी पुल निर्माण सम्पन्न नहुने सूचना अधिकारी खनालले बताए ।

## दाउन्नेमा यातायात सहज बनाउन मर्मत गरिने

नारायगण-बुटवल सडकखण्डअन्तर्गत दाउन्ने खण्डमा यातायात सहज बनाउन अबको काम केन्द्रित रहने आयोजनाका सूचना अधिकारी खनालले बताए । पानी पर्ने बित्तिकै दाउन्ने खण्डमा यातायात सञ्चालनमा समस्या हुँदै आएको छ ।

दाउन्ने खण्डमा अब निर्माणको काम रोकेर मर्मतको काममात्र गरिने सूचना अधिकारी खनालले बताए । कल्भर्ट निर्माणसहित अन्य काम रोकेर यातायात सहजरूपमा सञ्चालनका लागि मर्मतको काममात्र गर्न लागिएको उनको भनाइ छ । दाउन्ने खण्डमा ग्राभेल राखेर नियमित मर्मतको काम गर्ने र पानी परे पनि यातायात सञ्चालन समस्या आउन नदिनतर्फ आफूहरूको ध्यान केन्द्रित रहेको उनले बताए ।

एसियाली विकास बैंक (एडिबी) को ऋण सहयोगमा अघि बढेको सडक विस्तार योजनाको दुवै खण्ड गरेर कूल १६ अर्ब ९९ करोड ५२ लाख ९६ हजार रूपैयाँ लागत रहेको छ । ११३ किलोमिटर सडकमध्ये ७० किलोमिटर चार लेन, २९ किलोमिटरमा चार लेनसहित दुवैतर्फ छ/छ मिटरको सर्भिस लेन हुने छ । दाउन्नेमा १४ किलोमिटर तीन लेनको सडक हुने छ ।

राजमार्ग विस्तारको महत्त्वपूर्ण योजना समयमा सम्पन्न नहुँदा यात्रुले लामो समयसम्म सास्ती खेप्दै आएका छन् । अहिले कामले गति लिएको र यात्रामा केही सहजता मिल्न थालेको छ । अझै पनि दाउन्ने खण्डमा समस्या उस्तै रहेको छ । उक्त क्षेत्रमा सामान्य वर्षा हुँदासमेत बाटो चिप्लो भएर घण्टौं जाममा पर्नुपर्ने बाध्यता रहेको छ । *रासस*

# कर्णालीमा पहिलोपटक वृतिमार्ग निर्देशन तथा रोजगार मेला

**कर्णाली (प्रस)**– कर्णाली प्रदेशमा पहिलोपटक वृत्तिमार्ग निर्देशन तथा रोजगार मेला, २०८२ आयोजना हुने भएको छ । कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालय र वीरेन्द्रनगर नगरपालिकाको संयुक्त आयोजना तथा हेल्भेटास नेपालको प्राविधिक सहयोगमा यही असार १८ र १९ गते वीरेन्द्रनगरको सिटी हलमा दुई दिने वृत्ति मार्गनिर्देशन तथा रोजगार मेला, २०८२ सञ्चालन हुने भएको हो ।

रोजगारको खोजीमा रहेकाहरूलाई उनीहरूको रुचि, सीप र क्षमताअनुसार वृत्ति विकासको मार्गदर्शन दिने उद्देश्यले मेलाको आयोजना गर्न लागिएको प्रदेश सरकार सामाजिक विकास मन्त्रालयका उपसचिव सुवर्ण खड्काले पत्रकार भेटघाटमार्फत जानकारी दिए । उनले रोजगार मेलाको सम्पूर्ण तयारी पूरा भएको बताए ।

मेलाले रोजगारदाता र रोजगार खोज्ने व्यक्तिलाई एउटै ठाउँमा ल्याएर सहकार्यको अवसर प्रदान गर्ने, वृत्ति विकाससम्बन्धी परामर्श सेवा, सीपमूलक तालिमहरूको जानकारी र प्रदर्शनी, रोजगारदातासँग प्रत्यक्ष सम्पर्कको अवसर, कार्यस्थलमा आधारित निःशुल्क तालिमबारे जानकारी, स्थानीय उत्पादनहरूको प्रदर्शनी गरिने र मेलामा ४० भन्दा बढी स्टल रहने उपसचिव खड्काले बताए । उनका अनुसार मेलामा सरकारी, गैरसरकारी, शैक्षिक, प्राविधिक तथा निजी क्षेत्रका रोजगारदाता र तालिम प्रदायक संस्था सहभागी हुने छन् । विद्यालयका विद्यार्थीहरूलाई समेत मेलामा अवलोकन गराउने व्यवस्था गरिएको छ ।


**मलेसिया/कुवेतमा रोजगार** कम्पनी : PENTAGON PROTECTION SERVICES SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८१/१२/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/१८ | LT. No. 319178 | चलानी नं.६०२३५७४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 38 | 0 | 1700 | ५५,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छैन | २ वर्ष |

कम्पनी : NILE DREAM COMPANY FOR PROVIDING LOGISTICAL SERVICES

पूर्व स्वीकृति मिति : २०८०/१०/०९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/१८ | LT. No. 298644 | चलानी नं.६०२१३६६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Labour | 17 | 0 | 130 | ५८,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार २६ गते (10th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1657/080/81

AL ZAHRA HUMAN RESOURCES CONSULTANCY PRIVATE LIMITED
Old Baneshwor-9, Bhimsengola, Kathmandu, Landline No : 01-4586367, 4586366, Mob: 9810003423/970-4414954
E-mail : alzahranepal@gmail.com, URL : www.alzahrahr.com



**बेलबारी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
बेलबारी, मोरङ
कोशी प्रदेश, नेपाल

**आर्थिक वर्ष २०८२/०८३ को लागि आन्तरिक आयको ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी दरभाउपत्र आह्वानको सूचना**

(दोश्रो पटक प्रकाशित मिति २०८२/०३/१९)

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६२ को उपदफा २ (ग) र (घ) तथा बेलबारी नगरपालिकाको आर्थिक ऐन, २०८१ को दफा ६ र दफा ११ मा भएको व्यवस्था अनुसार राजश्व परामर्श समितिको मिति २०८२/०२/२० गतेको सिफारिस र बेलबारी नगरकार्यपालिकाको मिति २०८२/०२/२५ गते बसेको नगर कार्यपालिका बैठकको निर्णय अनुसार आर्थिक वर्ष २०८२/०८३ को लागि देहाय बमोजिमका सडक र हाटबजारमा आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले नगरपालिकाबाट तोकिएको दररेटमा एवं शर्तहरुको अधिनमा रहि दरभाउपत्र प्रक्रियाबाट सहभागी हुन सम्बन्धित कम्पनी/फर्म सबैको लागि दोस्रो पटक यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्काको विवरण | ठेक्का नं. | आ.व. २०८२/०८३ का लागि कायम न्युनतम अंक (भ्याट सहित) | बोलपत्र फारम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|
| १ | किर्तिमान भाउन्ने आमतोला सडक स्थानीय पुर्वाधार उपयोग शुल्क | BM/S/SQ-10-2082/83 | १५,००,५००/- | १०००/- | मु.अ.कर सहितको कुल कबोल अंकको ५ प्रतिशत |

**नोटः** दरभाउपत्र सूचना प्रकाशित भएको मितिले ७ औं दिन दिनको ४:०० बजे सम्म मात्र बेलबारी नगरपालिकाको कार्यालयबाट खरीद गर्न सकिनेछ । उक्त दरभाउपत्र ८ औं दिन दिनको १२:०० बजे सम्ममा यस कार्यालयमा पेस गरिसक्नुपर्नेछ । माथि उल्लेखित ठेक्काको दरभाउपत्र खरीद र पेस कम्पनी/फर्मले मात्र गर्न पाउनेछन । विस्तृत विवरण/शर्त/जानकारीका लागि बेलबारी नगरपालिकाको वेवसाईट https://belbarimun.gov.np/ मा हेर्न सकिने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**



**कतारमा रोजगार** कम्पनी : AMIANTIT QATAR PIPES CO WLL

पूर्व स्वीकृति मिति : २०८१/०३/३१ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०३/१८ | LT. No. 307529 | चलानी नं. ६०२२९७३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOUR | 40 | 0 | 1000 | ३७,६११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार २६ गते (10th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |



**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



श्रम इजाजत नं. ०९५/०५३/०५४

INTERNATIONAL TRADE LINKS RECRUITMENT PVT. LTD.
(The Centre Overseas Pvt. Ltd.(THE CENTER OVERSEAS CONCERN PVT.LTD))
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806

**युएइमा रोजगार** कम्पनी : KAWALAN KESELAMATAN BUMIJAYA SDN BHD

पूर्व स्वीकृति मिति : २०८१/१२/२४ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०३/१८ | LT. No. 321619 | चलानी नं. ६०२४००५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 65 | 0 | 1700 | ५५,१०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार २६ गते (10th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |



**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



License No. : 1535/078/079

Global Recruitment Group Pvt.Ltd. (BASNET AND GROUP HUMAN RESOURCE PVT LTD)
Tokha-10, Samakhusi, Kathmandu, Head Office Contact: 01-5910484, 9820103691 / 9801193079
Chitwan Branch: 9855063635, Pokhara Branch: 9802853017, Email : info@grgnepal.com.np

**युएइमा रोजगार** कम्पनी : AL MAWARID ALTHAKI RECRUITMENT CO.

पूर्व स्वीकृति मिति : २०८१/१२/०५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/१८ | LT. No. 320485 | चलानी नं. ६०२३४७४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Typist | 135 | 0 | 1200 | ४४,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार २६ गते (10th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |



**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



Govt. License 1149/073/074

दैलेख ओभरसिज प्रा.लि.
बसुन्धारा, चक्रपथ, काठमाडौं, नेपाल फोन नं. +९७७-१-४३८०१२१, ४३६२७१२
ई-मेल : everestnepal.hr@gmail.com, everestnepalglobalrecruitment@gmail.com

**युएइ/जोर्डनमा रोजगार** कम्पनी : GOOD FIELD TECHNICAL WORKS LLC

पूर्व स्वीकृति मिति : २०८१/०१/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/१८ | LT. No. 304084 | चलानी नं. ६०२१८८५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 13 | 0 | 1200 | ४४,६९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 8 | 0 | 1200 | ४४,६९० | | | | | | | |
| 3 | Mason | 5 | 0 | 1250 | ४६,५५५ | | | | | | | |
| 4 | Steel Fixer | 6 | 0 | 1200 | ४४,६९० | | | | | | | |

कम्पनी : TRADEX FZCO

पूर्व स्वीकृति मिति : २०८२/०३/१८ | LT. No. 326589 | चलानी नं. ६०२४०५०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 45 | 0 | 1000 | ३७,२४३ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Steal Fixer | 47 | 0 | 1200 | ४४,६९१ | | | | | | | |

कम्पनी : UNITED FOR WORKS OF BROKERAGE IN HIRING AND RECRUITING NON-JORDANIAN DOMESTICE WORKER

पूर्व स्वीकृति मिति : २०८१/०२/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/१८ | LT. No. 306207 | चलानी नं. ६०२२०९५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव USD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | domestic worker/housemaid | 0 | 44 | 300 | ४१,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार २६ गते (10th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |



**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



FRONTLINE RECRUITMENT PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647
Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068

# प्रभाव दैनिक

## रूपशाला

### 'हेरा फेरी ३' मा फर्किए परेश रावल

'हेरा फेरी ३' छोड्ने निर्णयको घोषणा गरेका अभिनेता परेश रावलले अब फेरि फिल्म गर्ने पुष्टि गरेका छन् । अहिले धेरैको मनमा यो मुद्दा कसरी समाधान भयो भन्ने प्रश्नहरू छन् । एक अन्तर्वार्तामा फिल्म निर्माता फिरोज नाडियाडवालाले यो मुद्दा कसरी समाधान भयो भनेर खुलाएका छन् । पिंकभिल्लासँग कुरा गर्दै फिरोज नाडियाडवालाले साजिद नाडियाडवालाले समस्या समाधान गर्न महत्त्वपूर्ण भूमिका खेलेको बताए ।



बिहीबार, १९ असार, २०८२ (Thursday, July 03, 2025)

# 'आमा'को पोस्टर अब हुलाक टिकटमा

■ प्रभाव संवाददाता




**काठमाडौं –** चलचित्र 'आमा'को पोस्टर हुलाक टिकटमा अंकित गरिएको छ । सोमबार चलचित्र विकास बोर्डले २५ औं वार्षिकोत्सवको अवसरमा आयोजित विशेष कार्यक्रममा उक्त घोषणा गरिएको हो । 'आमा' वि.सं. २०२१ असोजमा प्रदर्शन भएको नेपालको पहिलो चलचित्र हो । हिरासिंह खत्रीले निर्देशन गरेको यस चलचित्रमा शिवशंकर खत्री र भुवन चन्दले मुख्य भूमिका निर्वाह गरेका थिए ।

सो चलचित्रबाट नै नेपाली चलचित्र उद्योगको सुरुवात भएको मानिन्छ ।

हुलाक सेवा विभागले रु. १० दरका दुईवटा टिकट प्रकाशन गरेको छ । जसमा चलचित्र 'आमा'का नायक र नायिकाको तस्वीर अंकित छ । टिकटको प्रथम दिवसीय आवरणमा विशेष ढाँचा प्रदान गरिएको छ । टिकट अनावरण समारोहमा अभिनेत्री भुवन चन्द, चैत्य देवी, बसुन्धरा भुसाल, सञ्चारमन्त्री पृथ्वी सुब्बा गुरुङ, बोर्ड अध्यक्ष दिनेश डिसी र हुलाक सेवा विभागकी महानिर्देशक मनमाया भट्टराई पंगेनीले संयुक्त रूपमा सहभागिता जनाएका थिए ।

हुलाक सेवा विभागकी शाखा अधिकृत चन्द्रा थापाले टिकटको टाचा तयार गरेकी हुन् । महानिर्देशक पंगेनीले भनिन्, 'यो टिकटले 'आमा'को ऐतिहासिक महत्वलाई विश्वभर पुऱ्याउनेमा हामी विश्वस्त छौं ।' उनले थपिन्, 'म पनि एक संगीतकर्मी हुँ, गीत लेख्छु र गाउँछु । त्यसैले यो क्षण मेरो लागि पनि विशेष छ । हामी राष्ट्रिय विभूति र महत्वपूर्ण चिजहरूलाई हुलाक टिकटमा समावेश गर्छौं ।' यो टिकटले नेपाली चलचित्रको प्रवर्धनमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

# 'चित्रा' प्राइम भिडियोमा रिलिज

■ प्रभाव संवाददाता



**काठमाडौं–** घनश्याम लामिछानेको निर्देशन रहेको फिल्म 'चित्रा' अब विश्वभरका दर्शकले हेर्न पाउने भएका छन् । फिल्म प्राइम भिडियो (अमेजन प्राइम भिडियो) ओटीटी मार्फत रिलिज भएको छ ।

२०८० सालको पुष २७ गते नेपालमा सार्वजनिक प्रदर्शनमा आएको फिल्म हिन्दी डब गर्दै 'रिलिज वर्ड' ले अन्तर्राष्ट्रिय डिजिटल वितरण गरेको हो । निर्माण पक्षको दाबी 'चित्रा' विश्वव्यापी रूपमा अमेजन प्राइममा रिलिज भएको पहिलो नेपाली फिल्म हो । यसअघि नेपाली फिल्महरू अमेजन प्राइम युके वा युएसए संस्करणमा मात्र सीमित थिए, तर 'चित्रा' भने ग्लोबल प्लेटफर्ममा रिलिज भएको हो ।

निर्देशक लामिछानेले आफूले निर्देशन गरेको फिल्म यसरी विश्वव्यापी रूपमा रिलिज भएको खबरले अत्यन्त उत्साहित बनाएको बताए । 'चित्रा' को यो सफलता नेपाली फिल्म उद्योगका लागि उदाहरणीय बन्न सक्ने सम्भावना छ', लामिछानेले भने- 'यसले नेपाली कथालाई विश्वव्यापी गर्छ ।'

सन्तोष अधिकारी, मेनुका प्रधान, शुभेच्छा खड्का, अर्पण थापा, प्रमोद अग्रहरी, अन्जना बराइली, सिम्रन खड्का, आयुशी ढकाल, विनोद पौडेल, कपिल शर्मा, कुमार गुरुङ, उज्वल ढकाल, दीपेश गजुरेल र प्रकाश घिमिरे लगायत कलाकारहरूको अभिनय रहेको फिल्म सन्तोष अधिकारी फिल्म्सको ब्यानरमा निर्माण भएको हो । अस्याप इन्टरटेनमेन्ट नेपाल र अस्याप इन्टरटेनमेन्ट अस्ट्रेलियाले सहनिर्माण रहेको फिल्मले एक रिटायर्ड बाबु र छोरीबिचको सम्बन्ध, भावनात्मक उतारचढाव र पारिवारिक सम्बन्धको कथा पस्किएको छ ।

# 'यो मन त मेरो नेपाली हो' विद्यालयमा देखाउनु उपयुक्त

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाली भाषा तथा नेपाली संस्कृतिको प्रवर्धन तथा श्रीवृद्धिमा योगदान दिने उद्देश्यले निर्माण गरिएको नेपाली फिल्म 'यो मन त मेरो नेपाली हो' को निर्माण संस्थालाई नेपाल सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतको पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुरले एउटा पत्र प्रेसित गर्दै शुभकामना सन्देश पठाएको छ ।

पाठ्यक्रम विकास केन्द्रको समकक्षता तथा मूल्याङ्कन शाखाले यो फिल्मको निर्माण संस्था श्री पद्मा ईश्वर इन्टरटेनमेन्ट, बागबजारलाई 'शुभकामना सम्बन्धमा' विषयको पत्र पठाउँदै सफलताको शुभकामना अर्पण गरेको हो ।

पत्रमा भनिएको छ- 'पद्मा ईश्वर ईन्टरनेट प्रालिद्वारा निर्मित नेपाली चलचित्र विशुद्ध नेपाली भाषा र संस्कृतिमा आधारित चलचित्र हो । यस्ता प्रकृतिका समाजमा सकारात्मक प्रभाव पार्ने चलचित्रहरूलाई राज्यका निकाय लगायत तथा सरोकारवाला समाजिक संघ-संस्थाले संरक्षण सम्वर्द्धन गर्नु पर्ने देखिन्छ । भविष्यका कर्णधार आजका बालबालिकाहरूलाई आफ्नो भाषा र संस्कृति प्रति गर्व गर्न तथा नेपाली हुनुमा उच्च सम्मान महसुस गराउने भएकोले विशेषतः विद्यालयस्तरका बालबालिकालाई यो चलचित्र 'यो मन त मेरो नेपाली हो' लाई सरोकारवाला निकाइको अनुमति तथा स्वीकृति लिई देखाउनु उपयुक्त हुने देखिन्छ । देश र जनताप्रति उत्तरदायी भूमिका निर्वाह गर्दै एउटा सार्थक देशभक्तिपूर्ण चलचित्र निर्माण गर्नु भएकोमा निर्माण टिमलाइ विशेष धन्यवाद दिन ज्ञापन गर्छु ।'

यहि असार २७ गतेबाट प्रदर्शनमा आउन लागेको चलचित्र 'यो मन त मेरो नेपाली हो' मा रोशन श्रेष्ठ, विजय बराल ,विल्सन विक्रम राई, बुद्धि तामाङ 'हैट', आयुषा समाल, नारायण खाती, भुपेन्द्र लिङ्देन 'मन्त्री', सुबास भन्डारी, बिजय सुब्बा, बिजिता परियार, देवराज राजबंशी, भानुभक्त सिटौलालगायतको अभिनय रहेको छ ।

पद्यमा ईश्वर इन्टरटेन्मेन्ट प्रालिको प्रस्तुतिमा मित्र प्रधान प्रस्तुतकर्ता रहेको चलचित्र 'यो मन त मेरो नेपाली हो' लाई ज्ञान बहादुर प्रधान (रोशन) ले निर्माण गरेका हुन् ।

अमेरीकामा रहेका साहित्यकार मित्र प्रधान (नर) को निर्देशन रहेको यस चलचित्रमा शिवम् अधिकारीको लेखन रहेको छ । सौरभ लामाको छायांकन, देव महर्जन द्वन्द्व, समिर मियाको भिएफएक्स, कविराज गहतराज र प्रमोद भण्डारीको कोरियोग्राफी, सम्पादक बनिश शाह तथा सिजिआई सत्यम राना रहेको छ । दिपक शर्मा, विकास चौधरी र थोरम्पो ह्यङ राईको चलचित्रमा संगीत रहेको छ भने दिपक शर्मा, विल्सन विक्रम राई, शंकर अधिकारी घायलको शब्द तथा खैजडी गीतमा अनिश अधिकारीको शब्द संकलन रहेको छ। चलचित्रलाई आरआर फिल्मसले वितरण गर्दैछ ।

## रंगशाला

### एएफसी महिला एसियन कप

# फेरि चम्किइन् साम्बा

## नेपालद्वारा ८-० ले श्रीलंका पराजित



■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपाली महिला फुटबल टोलीले श्रीलंकालाई ८-० गोलले पराजित गरेको छ । दोस्रोपटक नेपाली राष्ट्रिय टिमको कप्तानी गरेकी सावित्रा भण्डारी 'साम्बा'ले लगातार दोस्रो खेलमा ह्याट्रिक गोल गरेपछि नेपालले एएफसी महिला एसियन कप छनोट अन्तर्गत समूह एफको दोस्रो खेलमा नेपालले श्रीलंकाविरुद्ध फराकिलो जित निकालेको हो ।

तास्केन्तस्थित मिल्ली स्टेडियमा भएको खेलमा नेपालले ८-० को जित निकालेको हो । नेपालका लागि साम्बाको ३ गोलसँगै गीता रानाको २ गोल तथा निशा थोकर, रेखा पौडेल र पुजा रानाले १-१ गोल गरे । नेपालले दुवै हाफमा ४-४ गोल गऱ्यो ।

डिफेण्डर गीताले सातौं मिनेटमै गोल गर्दै नेपाललाई अग्रता दिलाएकी थिइन् । त्यसपछि सावित्राले २०औं मिनेटमा गोल गर्दै अग्रता दोब्बर पारिन् ।

सावित्राले ४२औं मिनेटमा व्यक्तिगत दोस्रो गोल गरिन् भने पहिलो हाफको इन्जुरी टाइमको पहिलो मिनेटमा गोल गर्दै ह्याट्रिक पूरा गरिन् । दोस्रो हाफको ५४औं मिनेटमा गीताले पेनाल्टीमार्फत व्यक्तिगत दोस्रो गोल गरिन् भने ६२औं मिनेटमा निशाले हेडर गोल गरेपछि नेपाल ६-० ले अघि बढ्यो ।

७८औं मिनेटमा रेखा पौडेलले हेडर गोल गरिन् भने ८९औं मिनेटमा पुजा रानाले बक्समा डिफेन्डरले क्लियर नगरेको बललाई पोस्टको दिशा दिइन् । श्रीलंकाले भने खेलभर एउटा फितलो प्रहार बाहेक कुनैपनि मौका बनाउन सकेन ।

नेपालले पहिलो खेलमा लाओसमाथि ९-० को फराकिलो जित निकालेको थियो । अब नेपालले अन्तिम अनि महत्वपूर्ण खेलमा उज्बेकिस्तानसँग खेल्ने छ ।

लगातार दुई जितपछि नेपाल ६ अंक जोडेर समूह एफको शीर्ष स्थानमा उक्लेको छ । लगातार दुई खेलमा पराजित भएको श्रीलंका एक खेल अगावै बाहिरिने पक्का भएको छ ।

# १२७ खेलाडीलाई सम्मानित

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिका वडा नं २२ ले बुधबार आफ्नो क्षेत्रका राष्ट्रिय तथा अन्तर र्राष्ट्रिय खेलाडीलाई सम्मान गरेको छ ।



उक्त कार्यक्रममा फुटबल क्रिकेट, पौडी, चेस, बास्केटबल, कबड्डी, बडिबिल्डिङ, फेन्सिङ, तेक्वान्दो, कराँते, फुटसल, स्नुकर, टेबलटेनिसका कूल १२७ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी सम्मानित भएका हुन् । जसमध्ये अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्ने २८ जनालाई विशेष सम्मान गरिएको थियो ।

सो अवसरमा वडा नं. २२ को आयोजना तथा नेपाल शारीरिक सुगठन तथा फिटनेसको सहकार्यमा भएको प्रथम मिस्टर महानगर बडीबिल्डिङ च्याम्पियन्सीप २०८२ मा विजेतालाई नगद पुरस्कार पनि प्रदान गरिएको थियो । यसैगरी १५औं दक्षिण एसियाली शारीरिक सुगठन प्रतियोगितामा पदक जित्न सफल नेपाली खेलाडीहरूलाई पनि सम्मान गरिएको थियो ।

पूर्व मन्त्री कृष्णगोपाल श्रेष्ठ तथा वडा २२ का अध्यक्ष चिनीकाजी महर्जनले शारिरीक सुगठन विजेता खेलाडी तथा अन्य खेलाडीलाई कदर पत्र र ट्र्याकसुट प्रदान गरी सम्मानित गरे। फिफा रेफ्री ज्ञानुराजा श्रेष्ठको संयोजकत्वमा रहेको टिमले सम्मानित हुने खेलाडीहरू चयन गरिएको हो ।

वडा २२ मा ए डिभिजन फुटबल खेलिसकेको चार क्लब सुन्धारा, संकटा, एनआरटी र ब्वाइज स्पोर्ट्स रहेका छन् ।


प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

यातायात पूर्वाधार निर्देशनालय

**पूर्वाधार विकास कार्यालय**

ओखलढुंगा, कोशी प्रदेश,नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशन मिति २०८२/०३/१९

यस कार्यालयको मिति २०८२/०२/०७ गते बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार निर्माण कार्य गर्नको निम्ति पेश भएका बोलपत्रदाताहरूको मूल्याङ्कन गर्न गठित मूल्याङ्कन समितिको सिफारिस अनुसार देहाय बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूल्याङकित सारभूत रूपमा प्रभावग्राही देखिएको हुँदा सो बोलपत्र स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन २०६३ (संशोधित) को दफा २७ (२) को प्रयोजनका लागि प्रकाशित मितिदेखि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ । साथै सार्वजनिक खरिद ऐन, २०६३ दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

| S.N | Contract ID | Name of Project | Name and Address of Bidder | Bid Price (With VAT & PS) |
|---|---|---|---|---|
| 1 | IDO-OKHAL-NCB-BRIDGE-27-2081/082 | Construction of Pahire Khola Bridge Along Okhaldhunga-Rampur Road, Molung Rural Municipality-2, Okhaldhunga | Yati Nirman Sewa,Solu Dudhkunda-5, Solukhumbu,Nepal | NRs.3,72,66,738.74 |

Office Chief

# अमेरिकाद्वारा युक्रेनलाई केही सैन्य सहायता पठाउन रोक

**वासिङ्टन–** ह्वाइट हाउसले मंगलबार युक्रेनलाई बाइडेन प्रशासनको समयमा रुसी आक्रमणविरुद्धको लडाइँका लागि प्रतिज्ञा गरिएका केही मुख्य हतियार पठाउन रोकेको बताएको छ । तीन वर्षे युद्धका केही सबैभन्दा ठूला रुसी मिसाइल र ड्रोन आक्रमणहरूको सामना गरिरहेको युक्रेनलाई गोलाबारुद र वायु रक्षा प्रणालीसहित अन्य सैन्य सहायताको ढुवानी रोक्नुले ठूलो धक्का हुने सम्भावना छ ।

'हाम्रो देशको सैन्य समर्थन र विश्वभरिका अन्य देशहरूलाई सहयोगको डिओडी (रक्षा विभाग) समीक्षापछि अमेरिकाको हितलाई पहिलो प्राथमिकता दिन यो निर्णय गरिएको हो,' ह्वाइट हाउसका उपप्रेससचिव अन्ना केलीले एक इमेलमा एएफपीलाई भने ।

सैन्य सहायता कटौतीले रूस र युक्रेनलाई अवरुद्ध शान्ति वार्तालाई गति दिन दबाब दिएका अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्राथमिकताहरूमा सम्भावित परिवर्तनको संकेत गर्दछ । सत्रु राष्ट्रहरूबीच १२ दिने घातक द्वन्द्वपछि गाजामा सम्भावित युद्धविराम व्यवस्थापनमा र इरान-इजरायल तनाव कम गर्नमा ठूलो भूमिका खेल्न ट्रम्प अगाडि बढेका छन् ।

पोलिटिकोका अनुसार नाम उल्लेख नगर्ने सर्तमा यसअघि सैन्य सहायता रोकिएको खबर दिएका अमेरिकी अधिकारीका अनुसार पहिले प्रतिज्ञा गरिएका केही गोलाबारुदको भण्डार धेरै कम भएको र केही बाँकी पठाइने हतियारहरू अब नपठाइने पेन्टागनको समीक्षाले निर्धारण गरेको छ ।

'संयुक्त राज्य अमेरिकाको सशस्त्र बलको शक्ति निर्विवाद छ- इरानलाई सोध्नुहोस्,' इरानको आणविक सुविधाहरूमा हालैको अमेरिकी बम विष्फोट र



मिसाइल आक्रमणको सन्दर्भमा केलीले भने । पोलिटिको र अन्य अमेरिकी मिडियाले प्याट्रियट एयर डिफेन्स सिस्टमका लागि मिसाइलहरू, सटिक तोपखाना र हेलफायर मिसाइलहरू रोकिएका वस्तुहरू परेको बताएका छन् ।

गत हप्ता नेदरल्याण्ड्समा भएको नाटो शिखर सम्मेलनमा युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले ट्रम्पसँग भेट गरेका थिए र प्याट्रियट एयर डिफेन्स सिस्टममा अमेरिकी नेताको अस्पष्ट प्रतिक्रिया पाएको देखिन्थ्यो । 'हामी केही उपलब्ध गराउन सक्छौं कि भनेर हेर्न जाँदै छौं,' किएभले रुसी आक्रमणहरूलाई गोली हानेर खसाल्न खोजिरहेको क्षेप्यास्त्रबारे ट्रम्पले भने, 'तिनीहरू प्राप्त गर्न धेरै गाह्रो छ ।'

## हजारौं ड्रोन

युक्रेनको खार्किभ क्षेत्रमा रुसी ड्रोन आक्रमणले एक जनाको मृत्यु भएको र अर्का एक जना घाइते भएको प्रदेशका गभर्नरले बुधबार बिहान बताएका छन् । यो आक्रमण युक्रेनी ड्रोन आक्रमणहरूपछि भएको हो । अग्रपंक्तिबाट ६२० माइल (एक हजार किलोमिटर) भन्दा बढी टाढा आक्रमण गर्दै युक्रेनी ड्रोन आक्रमणले मंगलबार रुसी सहर इजेभस्कमा तीन जनाको ज्यान लिएको थियो र दर्जनौंलाई घाइते बनाएको थियो । यो अहिलेसम्म रुसभित्रको सबैभन्दा गहिरोमध्ये एक आक्रमण थियो ।

मंगलबार प्रकाशित एएफपी विश्लेषणले युक्रेनको विस्तारित हवाई रक्षा प्रणाली र थकित नागरिक जनसंख्याले क्रेमलिनको बढ्दो दबाब महसुस गरेपछि रुसले जुनमा नाटकीयरूपमा हवाई आक्रमणहरू बढाएको र हजारौं ड्रोन प्रहार गरेको पत्ता लगाएको छ ।

स्टकहोम इन्टरनेसनल पिस रिसर्च इन्स्टिच्युट (सिप्री) को अप्रिलको एक रिपोर्टले विश्वको अन्य कुनै पनि देशको तुलनामा रक्षामा आफ्नो कूल गार्हस्थ उत्पादन (जिडिपी) को बढी खर्च गरे पनि युक्रेनलाई रुसले हतियारमा पछाडि पारेको देखाएको छ । सिप्रीका अनुसार सन् २०२४ मा युक्रेनको सैन्य खर्च ६४ अर्ब ७० करोड डलर थियो । किएभ हतियार र सहायताका लागि युरोप र संयुक्त राज्य अमेरिकाका आफ्ना सहयोगीहरूमा धेरै निर्भर छ ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोनलाई मंगलबार पश्चिमले 'धेरै वर्षदेखि रुसको सुरक्षा चासोलाई बेवास्ता गरेको' भन्दै त्यस समर्थनले युद्धको ज्वाला भड्काएकोमा पश्चिमलाई दोष दिए । ट्रम्पको राष्ट्रपति कार्यकालसँगै ह्वाइट हाउसको स्वर युक्रेनमा खुलेर परिवर्तन भएको छ ।

आफ्नो प्रशासनले युक्रेनका लागि थप दुई अर्ब डलरको हतियार घोषणा गरेको बेला सन् २०२२ मा तत्कालीन राष्ट्रपति जो बाइडेनले ह्वाइट हाउसमा जेलेन्स्कीलाई स्नेहपूर्वक अँगालो हालेका थिए । यस वर्षको सुरुमा जेलेन्स्कीको वासिङ्टन भ्रमणका क्रममा ओभल अफिसको बैठकमा ट्रम्प र उपराष्ट्रपति जेडी भान्सले क्यामेरामा उनको अपमान गरेका थिए । भान्सले जेलेन्स्कीलाई कृतघ्नता आरोप लगाएका थिए । एएफपीले ढुवानी रोकिने र यो किन भइरहेको छ भन्ने बारेमा टिप्पणीका लागि सोधेको प्रश्नमा पेन्टागनले प्रत्यक्ष प्रतिक्रिया दिएको छैन ।

तर यसका प्रमुख प्रवक्ता सिन पार्नेलले भने, 'राष्ट्रपति ट्रम्प र मन्त्री (पिट) हेगसेथको नेतृत्वका कारण अमेरिकाको सेना कहिल्यै यति तयार र सक्षम भएको थिएन ।' *रासस⁄एएफपी*

# जापानलाई ३५ प्रतिशतसम्म कर लगाउने ट्रम्पको चेतावनी

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले जापानबाट आयात हुने सामानमा कर वृद्धि गरी ३० देखि ३५ प्रतिशत पुऱ्याइने चेतावनी दिएका छन् ।

जापानसँगको व्यापार सम्झौता जुलाई ९ को समयसीमा अगावै असम्भव रहेको भन्दै राष्ट्रपति ट्रम्पले हाललाई कर वृद्धि गर्ने सम्भावनाबारे सोचिरहेको बताएका छन् । अमेरिकी चामलको आयात स्वीकार गर्न जापानले अनिच्छा देखाएको र दुई देशबीचको सवारीसाधनको व्यापारमा असन्तुलनको आलोचना गर्दै एयर फोर्स वानमा पत्रकारहरूसँग भने, 'मलाई विश्वास लागिरहेको छैन कि जुलाई ९ अगावै सम्झौता गर्नेछौं ।'




उनले सम्झौताको सम्भावनाबारे भने, 'मलाई जापानप्रति शंका छ, तिनीहरू धेरै कठिन छन् ।' दर्जनौं मुलुकविरूद्ध उच्च दर सार्वजनिक गरेका ट्रम्पले गत अप्रिलमा अधिकांश व्यापारिक साझेदारबाट आयातमा १० प्रतिशत कर लगाउँदै अधिकांश मुलुकविरूद्ध लगाइएको उच्च कर लगाउने घोषणालाई वार्ताका लागि ठाउँ दिन भन्दै पटक-पटक अन्य कर वृद्धिको घोषणालाई पछि सार्न सहमति जनाएका छन् ।

यो विराम जुलाई ९ मा सकिँदै छ, यसको अर्थ यदि देशहरूले वासिङ्टनसँग सम्झौता गर्न असफल भए भने उच्च दरहरू अर्को हप्तामा सुरु हुने छन् । बेलायतसँगको विस्तृत ढाँचा र अर्को चीनसँग अस्थायीरूपमा चर्को शुल्क घटाउने सम्झौतासहित अहिलेसम्म दुईवटा सम्झौतामात्र भएका छन् ।

ट्रम्पले जापानसँगको 'ठूलो व्यापार घाटा'का कारण जापानलाई ३० प्रतिशतदेखि ३५ प्रतिशत वा हामीले निर्धारण गरे जस्तोसुकै संख्या तिर्न आग्रह गर्दै पत्र लेख्न लागेको बताएका छन् । 'यो अमेरिकी जनताप्रति अन्यायपूर्ण छ,' उनले भने । एक प्रमुख अमेरिकी सहयोगी र यसको सबैभन्दा ठूलो लगानीकर्ता जापान अधिकांश देशहरूमा लगाइएको समान १० प्रतिशत आधारभूत शुल्कको अधीनमा छ र कार, इस्पात र आल्मुनियममा कडा करको अधीनमा छ ।

टोकियोका व्यापार दूत रायोसी अकाजावाले गत महिना वासिङ्टनमा जापानी पत्रकारसँग कुरा गर्दै अमेरिकासँगको पाँचौं चरणको वार्तामा केही प्रगति भएको बताएका छन् । उनले थपे, 'हामीले अहिलेसम्म सहमतिको बिन्दु पत्ता लगाउन सकेका छैनौं ।' *रासस⁄एएफपी*

# हसिनालाई छ महिनाको जेल सजाय



**ढाका–** बंगलादेशकी पूर्वप्रधानमन्त्री शेख हसिनालाई अदालतको अवहेलना गरेको अभियोगमा बुधबार दोषी ठहर गर्दै छ महिनाको जेल सजाय सुनाइएको छ ।

सन् २०२४ को अगस्टमा विद्यार्थी नेतृत्वको विद्रोहको उत्कर्षमा ७७ वर्षीया हसिना छिमेकी मुलुक भारत पलायन भएकी थिइन् उनले ढाका फर्कन दिइएको अदालतको आदेशको अवज्ञा गरेकी थिइन् ।

अदालतको फैसलापछि मुख्य अभियोजक मोहम्मद ताजुल इस्लामले पत्रकारसँग भने, 'उहाँ बंगलादेश पुगेको दिन वा अदालतमा आत्मसमर्पण गरेकै दिन सजाय भुक्तान गर्नुहुने छ ।'

यो मुद्दा अभियोजनकर्ताले पूर्वप्रधानमन्त्रीलाई सत्ताबाट हटाइएपछि उनले गरेको टिप्पणीमा केन्द्रित थियो, जुन उनीहरूले जारी अदालती सुनुवाइमा साक्षीहरूलाई धम्की दिएको बताएका थिए । इस्लामले भने, 'उहाँको टिप्पणीले मुद्दा दायर गर्नेहरू र साक्षीहरूबीच डरको आभा पैदा गरेको अभियोजन पक्षको जिकिर छ ।'

प्रतिबन्धित अवामी लिगका देशबाहिर रहेका अर्का नेता शकिल अकाण्डा बुलबुललाई सोही मुद्दामा दुई महिनाको जेल सजाय सुनाइएको थियो । संयुक्त राष्ट्रसंघका अनुसार गत वर्षको जुलाईदेखि अगस्टसम्ममा हसिनाको सरकारले सत्तामा टिक्न असफल प्रयासस्वरूप प्रदर्शनकारीमाथि कारबाही गर्न आदेश दिएपछि एक हजार ४०० जनाको मृत्यु भएको थियो । जुन १ देखि सुरु भएको अर्को सुनुवाइमा अभियोजनकर्ताहरूले हिंसाका लागि हसिनाले समग्र कमाण्डको जिम्मेवारी लिएको बताएका छन् । उनका सरकारी वकिलले बंगलादेशी कानुनअनुसार मानवताविरुद्धको अपराधका विभिन्न आरोप अस्वीकार गरेको बताएका छन् । *रासस⁄एएफपी*


**कुवेतमा रोजगार** — कम्पनी : MIMI STYLISH LADIES BEAUTY SALON COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०३/१७ | LT. No. 326536 | चलानी नं. ६०२४०५१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician/ Manicure Pedicure | 0 | 5 | 150 | ६७,२४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | HAIRDRESSER | 0 | 5 | 150 | ६७,२४८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २६ गते (10th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १३८/०५५/०५६

Lucky Overseas Pvt. Ltd.
Dhobighat-3, Ringroad, Lalitpur, Nepal, 01–5153055 / 01–5153033
Email: luckyoverseas1998@gmail.com | overseaslucky@gmail.com, Website: www.luckyoverseas.com



**साउदीमा रोजगार** — कम्पनी : Bander Rafiya Al-Jabri Logistic Services Co.

पूर्व स्वीकृति मिति : २०८२/०३/१७ | LT. No. 326542 | चलानी नं. ६०२४०५२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 6 | 0 | 1800 | ६५,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Bander Rafiya Al-Jabri Logistic Services Co.

पूर्व स्वीकृति मिति : २०८२/०३/१७ | LT. No. 326543 | चलानी नं. ६०२४०५२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 4 | 0 | 1800 | ६५,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २६ गते (10th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम इजाजत नं. १७२/०५६/५७



**कुवेतमा रोजगार** — कम्पनी : KA COMPANY FOR DELIVERING CONSUMER ORDERS

पूर्व स्वीकृति मिति : २०८२/०३/१७ | LT. No. 326495 | चलानी नं. ६०२४०५२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nepali Light Driver | 20 | 0 | 140 | ६२,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २६ गते (10th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १२८९/०७४/०७५

SONY INTERNATIONAL REQIDMENTS SERVICES PVT.LTD.
Gausala-9 Pingalasthan, Kathmandu, Nepal,Tel: +977-1-442271



**युएइमा रोजगार** — कम्पनी : MADINAT ADEN PLASTER ,TILES & PAINTS CONT.

पूर्व स्वीकृति मिति : २०८१/०४/१२३२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/१८ | LT. No. 308514 | चलानी नं. ६०२२३१९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter/ Construction Carpenter | 5 | 0 | 1200 | ४४,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Assistant/laobur | 4 | 0 | 1000 | ३७,०१५ | | | | | | | |
| 3 | Mason | 10 | 0 | 1200 | ४४,४२० | | | | | | | |
| 4 | Painter | 16 | 0 | 1200 | ४४,४२० | | | | | | | |
| 5 | Sewage Pipelayer | 5 | 0 | 1200 | ४४,४२० | | | | | | | |
| 6 | Tile Layer | 8 | 0 | 1200 | ४४,४२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २६ गते (10th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ९५४/०६७/६८

VARSHA MANPOWER PVT. LTD.
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



**कुवेत/साउदीमा रोजगार** — कम्पनी : DESERT BLOOMS GENERAL TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०३/१७ | LT. No. 326540 | चलानी नं. ६०२४०५०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HELPER EMPLOYEE | 4 | 0 | 120 | ५३,७९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | light vehicle driver | 4 | 0 | 150 | ६७,२४८ | | | | | | | |

कम्पनी : MALATH FOOD AL TAMM. LTD.

पूर्व स्वीकृति मिति : २०८२/०३/१७ | LT. No. 326541 | चलानी नं. ६०२४०५०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fast food Restaurant Crew | 1 | 0 | 1300 | ४७,४१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २६ गते (10th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



**कतारमा रोजगार** — कम्पनी : QATAR BUILDING ENGINEERING CO.

पूर्व स्वीकृति मिति : २०८२/०३/१७ | LT. No. 326559 | चलानी नं. ६०२४०५१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 40 | 0 | 1100 | ४१,३७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| | ELECTRICAL TECH. | 30 | 0 | 1100 | ४१,३७२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २६ गते (10th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sunlight Recruitment Service Pvt.Ltd.
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777, E-mail: info@sunlightrecruitment.com.np,
sunlightrecruitmentservice@gmail.com, Website : www.sunlightrecruitment.com.np



**साउदीमा रोजगार** — कम्पनी : MANDARIN EAST SERVICED APARTMENTS ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०३/१७ | LT. No. 326503 | चलानी नं. ६०२४०५१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | House Keepers | 1 | 0 | 1000 | ३६,४७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २६ गते (10th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Pashupati HR Solution Pvt. Ltd.
Pingalasthan, Gaushala, Kathmandu, Nepal,
Tel No. 014588454,E-mail : pashupatihr17@gmail.com, www.pashupatihr.com.np
श्रम इजाजत नं. १४००/०७४/०७५



**युएइमा रोजगार** — कम्पनी : MASTERSCAPES GARDEN CONT LLC

पूर्व स्वीकृति मिति : २०८२/०३/१८ | LT. No. 326562 | चलानी नं. ६०२४०५२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gardener | 10 | 0 | 900 | ३३,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २६ गते (10th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ११९७/०७३/०७४

SWIFT H.R. SOLUTION PVT. LTD.
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com



**युएइमा रोजगार** — कम्पनी : SHLAL ALMAJRA FACILITIES MANAGEMENTSERVICES

पूर्व स्वीकृति मिति : २०८२/०३/०१ | LT. No. 326397 | चलानी नं. ६०२४०३८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 100 | 0 | 1000 | ३७,२४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २६ र २७ गते (10 & 11th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Proficient Employment Services Pvt.Ltd
श्रम इजाजत नं. १५८२/०७९/८०
KMC-26, Town Planning, Samakhushi, KTM, Contact: 977-4970500/4970600



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोहखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञान्ज्योति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १९१७०० | प्रति तोला - ० | प्रति तोला - २१४५ |



तनहुँको व्यास नगरपालिका-१४ स्थित छाब्दीमा रहेको धानखेत । जिल्लाका कृषकलाई यतिबेला धान रोप्ने चटारो छ ।

*तस्बिर : कृष्ण न्यौपाने/रासस*

# 'ग्रे लिस्ट'बाट बाहिर निस्कन सुनचाँदीमा विलासिता कर

■ प्रभाव संवाददाता

**काठमाडौं–** उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले नेपाल अहिले सम्पत्ति शुद्धीकरण मामिलामा वित्तीय कारबाही कार्यदल (फाइनान्सियल एक्सन टाक्सफोर्स-एफएटिएफ) को खैरो सूची (ग्रे लिस्ट)मा रहेको र मुलुकलाई सघन निगरानी सूचीबाट हटाउन सुनचाँदीलगायतका गरगहनामा विलासिता कर लगाउनु परेको बताएका छन् ।

विनियोजन विधेयक, २०८२ माथि राष्ट्रियसभामा उठेका प्रश्नहरूको जवाफ दिनेक्रममा अर्थमन्त्री पौडेलले नेपाललाई 'ग्रे लिस्ट' बाट बाहिर निकाल्न सुनचाँदी तथा गरगहना खरिद-बिक्रीको कारोबारलाई पारदर्शी बनाउन आवश्यक रहेको बताएका हुन् । आगामी आर्थिक वर्षको बजेटमार्फत सरकारले सबै प्रकारका गरगहना र सुनचाँदी खरिदमा विलासिता कर लगाउने निर्णय गरेको थियो ।

'पहिले पनि रु १० लाखभन्दा माथिको कारोबारमा दुई प्रतिशत विलासिता कर लाग्दै आएको थियो । अहिले त्यसमा लगाइएको सीमा (थ्रेसहोल्ड) हटाइएको मात्र हो', अर्थमन्त्री पौडेलले भने, 'हामी सम्पत्ति शुद्धीकरण मामिलामा एफएटिएफको सघन निगरानी सूचीबाट बाहिर निस्कनका लागि



सुनको कारोबार पारदर्शी बनाउन आवश्यक थियो । सुनलगायतका वस्तुको कारोबारमा शुद्धता होस् र सम्पत्ति शुद्धीकरणको रकम त्यहाँ लगानी नहोस् भनेर विसासिता शुल्क लगाइएको हो ।' विलासिता करका विषयमा सुनचाँदी व्यवसायीहरूले विरोध जनाइरहेकोमा उनीहरूसँग छलफल भइरहेको र चाँडै सार्थक निष्कर्ष निस्कने विश्वास पनि उनले व्यक्त गरे ।

त्यस्तै, आगामी आवको बजेट कार्यान्वयनयोग्य रहेको दावी पनि अर्थमन्त्री पौडेलले गरे । बजेटको स्रोत सुनिश्चितता गर्दा आन्तरिक राजस्व व्यवस्था, ऋण तथा अनुदान शीर्षकहरूको यथार्थपरक विश्लेषण गरिएको उनको भनाइ छ । विकास र समृद्धिको आकांक्षा पूर्ति गर्नका लागि घाटा बजेट ल्याउनु खराब नरहेको तर्क गर्दै अर्थमन्त्री पौडेलले पुँजी निर्माणका क्षेत्रमा ऋण खर्च गर्ने नीति लिइएको दाबी गरे ।

'हामीले बजेट प्रस्ताव गर्दा राजस्व महत्वपूर्ण स्रोत हो । त्यसलाई यथार्थपरक ढङ्गले अनुमान गरिएको छ । आन्तरिक तथा बाह्य ऋण र अनुदानको विश्लेषण पनि सही छ', अर्थमन्त्री पौडेलले राष्ट्रियसभामा भने, 'ऋणको दायरा असीमित नहोस् र धान्न नसकिने नहोस् भन्नेमा सचेत छौं । ऋणलाई उत्पादन र उत्पादकत्व वृद्धि गर्नका लागि खर्च गर्नुपर्नेमा हामीले जोड दिएका छौं ।'

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले दिएको आन्तरिक ऋणको सीमाभित्रै रहेर आगामी आवको बजेट स्रोत प्रस्ताव गरिएको पनि उनले बताए । राजस्व दायरा बढाउने र दरहरूमा स्थिर नीति लिने तथा अनुमानयोग्य बनाउने तरिकाले सरकारले काम गरेको दाबी अर्थमन्त्री पौडेलले गरे । चुहावट नियन्त्रण गर्ने र आधुनिक प्रविधिको प्रयोग गरेर राजस्वका लक्ष्य हासिल गर्न सकिनेमा आशावादी रहेको उनको भनाइ छ ।

बजेट तजबिजीका आधारमा नभई प्रक्रियामा रहेर आएको पनि अर्थमन्त्री पौडेलले बताए । 'बजेट बनाउँदा न्याय, विवेक, आवश्यकता, औचित्य हेरिएको छ । कुनै शक्ति पहुँच, गुट, उपगुट हेरिएको छैन । भौगोलिक सन्तुलन कायम गर्न खोजिएको छ', उनले भने, 'राष्ट्रिय प्राथमिकताका आयोजना चाँडो निर्माण सम्पन्न गर्ने, नागरिकलाई उत्पादन रोजगारी तथा सामाजिक सुरक्षासँग जोड्ने र उद्यमशीलता प्रवर्द्धन गर्नेगरी आगामी आर्थिक वर्षको बजेट ल्याइएको छ ।'

बजेट निर्माणमा सांसदहरूको पर्याप्त सहभागिता भएको पनि पौडेलले दाबी गरे । 'बजेट अघि नीति तथा कार्यक्रम र सिद्धान्त माथि सदनमा आएका सुझावलाई समेटेर र उचित महत्व दिएर बजेटमा त्यसलाई सम्बोधन गर्न खोजिएको छ । यस आधारमा बजेटमा सांसदहरूको उन्नत हिसाबले सहभागिता भएको छ । बजेट कर्मकाण्डी नभई यथार्थपरक छ', अर्थमन्त्री पौडेलले भने ।

# 'ठूला जलविद्युत् आयोजना निर्माण सरकारको प्राथमिकतामा'

■ प्रभाव संवाददाता

**काठमाडौं –** राष्ट्रियसभामाको आजको बैठकमा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले ठूला र जलाशययुक्त जलविद्युत् आयोजना निर्माणलाई सरकारको प्राथमिकतामा राखेको बताएका छन् ।

बैठकमा 'विनियोजन विधेयक-२०८२' अन्तर्गत ऊर्जा मन्त्रालयका सम्बन्धमा उठेका प्रश्नको जवाफ दिँदै ऊर्जामन्त्री खड्काले कर्णाली, माथिल्लो कर्णाली, भेरी, जगदुल्लालगायत आयोजनामा लगानी परिचालन र निर्माण अघि बढाउन सरकारले आफ्नो वार्षिक नीति तथा कार्यक्रममार्फत प्रतिबद्धता जनाएको बताए ।

'जगदुल्ला जलविद्युत् आयोजनाको ठेक्का आह्वान भई प्राप्त बोलपत्रहरू मूल्याङ्कन भई आशयको सूचना जारी भइसकेको छ । माथिल्लो कर्णाली जलविद्युत् आयोजना प्रवर्द्धनका लागि विद्युत् ऐन-२०४९ र सार्वजनिक-निजी साझेदारी ऐनअनुसार भारतको ग्रान्धी मल्लिकार्जुन राव (जिएमआर) ग्रुपसँग आयोजना विकास सम्झौता भएको छ', उनले भने, 'फुकोट कर्णाली आयोजनाको निर्माणका लागि विद्युत् उत्पादन कम्पनी र भारतको एनएचपिसी लिमिटेडबीचको संयुक्त लगानीका लागि समझदारीपत्रमा हस्ताक्षर भएको छ । उक्त आयोजनाको सम्झौता खारेज गर्न सर्वोच्च अदालतमा मुद्दा परेकाले आयोजनाको कार्यान्वयनलाई यथास्थितिमा राखिएको छ ।'

सुदूरपश्चिम प्रदेशको बाजुरा जिल्ला तथा कर्णाली प्रदेशको कालीकोट, हुम्ला, जुम्ला र मुगु जिल्ला लाभान्वित हुनेगरी प्रस्तावित मुगु कर्णाली जलाशययुक्त जलविद्युत् आयोजना निर्माण गर्ने विषय पनि सरकारको प्राथमिकतामा रहेको मन्त्री खड्काले जानकारी दिए । विद्युत् उत्पादन कम्पनी लिमिटेडद्वारा प्रवर्द्धित उक्त आयोजनाको सम्भाव्यता अध्ययन अन्तिम चरणमा पुगेको बताउँदै उनले वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीको चरणमा रहेको उल्लेख गरे ।

बूढीगण्डकी जलविद्युत् आयोजनालाई सार्वजनिक-निजी साझेदारी अवधारणामा अघि बढाइने ऊर्जामन्त्री खड्काले बताए । उक्त आयोजनामा सरकारले हालसम्म गरेको पुँजीगत लगानीलाई शेयरमा परिणत गरिने उनको भनाइ छ । बूढीगण्डकीको सुदृढ वित्तीय संरचना र स्पष्ट कार्यढाँचासहित निर्माण प्रक्रिया प्रारम्भ गरिने तयारीमा सरकार रहेको उनले स्पष्ट पारे । ऊर्जामन्त्री खड्काले आगामी आर्थिक वर्षको बजेटमा राखिएको 'टेक एण्ड पे'अवधारणामा विद्युत् खरिद गर्नेसम्बन्धी व्यवस्था संशोधन गरिएको बताए । उक्त व्यवस्था संशोधनका लागि अर्थ मन्त्रालयलाई पत्र पठाइएको उनले उल्लेख गरे ।

'नेपाल विद्युत् प्राधिकरणबाट प्राप्त सुझावका आधारमा १० मेगावाटसम्मका साना जलविद्युत् आयोजनाका साथै विद्युत् खपत वा निर्यात सुनिश्चित भएका ठूला नदी प्रवाही (रन अफ रिभर) आयोजनाको विद्युत् खरिद बिक्री सम्झौता 'टेक एण्ड पे' प्रावधानमा गर्न उपयुक्त हुने भएकाले त्यसलाई संशोधनका लागि ऊर्जा मन्त्रालयले अर्थ मन्त्रालयलाई पत्र पठाएको छ', राष्ट्रियसभा बैठकमा उनले भने ।

ऊर्जा क्षेत्र मुलुक निर्माणको मेरुदण्ड रहेको बताउँदै उहाँले नेपालले सन् २०३५ सम्म २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएकाले सोहीअनुसार यो क्षेत्रलाई बजेटको प्राथमिकतामा राखिएको उल्लेख गरे । विद्युत् उत्पादनको लक्ष्यमा ऊर्जा मिश्रणको नीति अवलम्बन गरिएको, प्रसारण लाइनको क्षमता विस्तार गर्न १७ हजार ४४६ सर्किट किलोमिटर विभिन्न भोल्टेजस्तरका प्रसारण लाइन निर्माण गरी सब-स्टेसनहरूको क्षमता ४० हजार एमभिए पुर्‍याइने लक्ष्य राखिएको उनले जानकारी दिए ।

गत वर्ष वर्षा र बाढीका कारण केही जलविद्युत् योजनामा भएको क्षतिको पुनर्निर्माणका लागि ऊर्जा मन्त्रालयले अर्थ मन्त्रालय, नेपाल विद्युत् प्राधिकरण, विद्युत् विकास विभागलगायत सम्बन्धित निकायसँग समन्वय गरिरहेको मन्त्री खड्काले बताए । त्यस्तै, लघु तथा साना जलविद्युत् आयोजनाको दिगो सञ्चालन तथा व्यवस्थापनका लागि नेपाल विद्युत प्राधिकरण र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रद्वारा संयुक्त रूपमा गुरुयोजना तयार भइरहेको उनले सदनमा जानकारी गराए ।

साना कुलो तथा सिँचाइ नहर प्रणालीले ग्रामीण क्षेत्रको कृषि उत्पादन तथा खाद्य सुरक्षाको सुनिश्चितता गरेको उल्लेख गर्दै ऊर्जामन्त्री खड्काले यस्ता आयोजना बजेटको प्राथमिकतामा परेका स्पष्ट पारे ।

# 'बजेट तथा कार्यक्रमले किसानहरूलाई प्रत्यक्ष लाभ हुन्छ'

**काठमाडौं (प्रस)–** कृषि तथा पशुपन्छी विकामन्त्री रामनाथ अधिकारीले विनियोजित कुल बजेटको करिब ७० प्रतिशतभन्दा बढी बजेट तथा कार्यक्रमले किसानहरूलाई प्रत्यक्ष रूपमा लाभ हुने बताएका छन् ।

राष्ट्रियसभामा विनियोजन विधेयक २०८२ अन्तर्गत कृषि तथा पशुपन्छी विकास मन्त्रालयसँग सम्बन्धित विनियोजित शिर्षकहरू माथि उठेका सवालहरूको जवाफ दिँदै उनले बर्सेनि पाँच हजारभन्दा बढी कृषि सहकारीहरूमार्फत करिब २२ लाख बढी किसानलाई मल उपलब्ध हुनु, एक लाख ६३ हजार बढी कृषि बिमालेख कार्यान्वयनले किसानलाई लाभ पुग्छ भने ।

मन्त्री अधिकरीले आठ लाख पशुवस्तुमा कृत्रिम गर्भाधान सेवा विस्तार हुनु, करिब पाँच करोड ५० लाख डोज खोप उपलब्ध उत्पादन तथा वितरण हुने बताए । विभिन्न बालीहरूको क्षेत्र विस्तार, सिञ्चित क्षेत्र विस्तार, यान्त्रिकीकरण प्रवर्द्धनलगायतका कार्यक्रमले किसानलाई प्रत्यक्ष रूपमा लाभ हुने देखिने उनको भनाइ छ ।

मन्त्री अधिकारीले कृषि क्षेत्रमा भएको बजेट विनियोजन प्रयाप्त नभएको भन्दै चालु आवमा राष्ट्रिय बजेटको तीन दशमलव ०८ प्रतिशत बजेट कृषि क्षेत्रका लागि विनियोजन भएकोमा आगामी आवमा कृषि क्षेत्रका लागि विनियोजित बजेट २ दशमलव ९३ प्रतिशत रहेको बताए ।

'आगामी आव ०८२/८३ मा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका लागि विनियोजित कुल बजेट रु ५० अर्ब ६८ करोडमध्ये करिब ५५ प्रतिशत बजेट रसायनिक मल आपूर्तिका लागि छुट्याइएको छ', उनले भने, 'त्यसबाहेक कृषि बिमा, कृषि अनुसन्धान, खाद्य प्रविधि, पशुनश्ल र रोग नियन्त्रण, वैदेशिक सहयोगमा सञ्चालन हुने आयोजनालगायतका अनिवार्य र प्रतिबद्ध प्रकृतिका बजेट उपशीर्षकका लागि बढी बजेट विनियोजन भएकोले केही विषय र क्षेत्रहरूका समस्या सम्बोधन गर्न छुटेको छ ।'

# नेप्सेमा उछाल

## ३४ अंकले नेप्से बढ्दा पौने १० अर्बको कारोबार

■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ३४ दशमलव ४२ अङ्कले बढेको छ । बुधबार एक दशमलव २ ९ प्रतिशतको वृद्धिपछि नेप्से दुई हजार छ सय ९४ दशमलव ८२ को बिन्दुमा कायम भएको हो ।

तीन सय १७ कम्पनीको तीन करोड एक लाख ८२ हजार ३४१ कित्ता शेयर ८९ हजार ४६८ पटक खरिदबिक्री हुँदा रु नौ अर्ब ७४ करोड ४८ लाख ४३ हजार ३७५ बराबरको कारोबार भएको छ । सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा बढी जीवन बिमा समूह दुई दशमलव ८३, निर्जीवन बिमा दुई दशमलव ५१ र विकास बैंक समूह दुई दशमलव ३१ प्रतिशतले बढेको छ । त्यस्तै, बैंकिङ एक दशमलव ३६, वित्त एक दशमलव ९९, होटल तथा पर्यटन शून्य दशमलव ७१ र जलविद्युत् शून्य दशमलव ४७ प्रतिशतले बढेको छ ।

लगानी एक दशमलव शून्य एक, उत्पादन तथा प्रशोधन शून्य दशमलव ६९, लघुवित्त शून्य दशमलव ५६, म्युचुअल फण्ड शून्य दशमलव शून्य छ, व्यापार एक दशमलव ७६ र अन्य समूह शून्य दशमलव ९१ प्रतिशतले बढेको छ । कारोबारमा ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड र खानीखोला हाइड्रोपावर कम्पनीको शेयर मूल्य सबैभन्दा बढी नौ दशमलव ९९ प्रतिशतले बढेको नेप्सेले जनाएको छ । 'नौ प्रतिशत आइसिएफसी फाइनान्स लिमिटेड डिबेन्चर-२०८८' को शेयर मूल्य सबैभन्दा बढी तीन दशमलव ३१ प्रतिशतले घटेको छ ।


प्राविधिक शिक्षा र व्यावसायिक तालिम प्राप्त गरौं

- इलेक्ट्रिसियन, प्लम्बिङ, कम्प्युटर अपरेटिङ, सिलाई-कटाई, मोबाइल मर्मत, कुकिङ एण्ड हस्पिटालिटी, कृषि तथा पशुपालन जस्ता प्राविधिक ज्ञान प्राप्त गरौं ।
- स्वरोजगार बनौं,
- कम लागतमा उच्च परिणाम हासिल गरौं,
- आत्मनिर्भर र उद्यमशील बनौं,
- देशमै रोजगारीको अवसर प्राप्त गरौं,

जीवनस्तरमा सुधार गरौ

नेपाल सरकार
विज्ञापन बोर्ड



बक्यौता चुक्ता गर्ने बारे

अत्यन्त जरूरी सूचना !

यस **प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **प्रभाव राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशन गरी सहकार्य गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरूप्रति हार्दिक आभार व्यक्त गर्दछौं । साथै, चालु आर्थिक वर्ष २०८१/८२ मा विज्ञापन प्रकाशित गरेबापत हिसाब मिलान गर्न बाँकी रहेका विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरूलाई यही मिति **२०८२ असार २५** गतेसम्म सम्पूर्ण बक्यौता चुक्ता गरी हिसाब मिलान गर्नुहुन यसै सूचनामार्फत सादर अनुरोध गर्दछौं ।

लेखा शाखा

प्रभाव पब्लिकेसन प्रा.लि.

सिफल-७, काठमाडौं, नेपाल, फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००

Email: marketing2prabhab@gmail.com


प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ